कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा

दर्ता नं. ८२/०८२, दर्ता मिति २०८२।१२।०१

# गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८

आयोगबाट स्वीकृत मिति:

२०७८।०३।०९

**संशोधनः**

| | |
|---|---|
| १. गैरकानुनी सम्पत्ति अनुसन्धान (पहिलो संशोधन) कार्यविधि, २०७८ | २०७८।०५।२७ |
| २. गैरकानुनी सम्पत्ति अनुसन्धान (दोस्रो संशोधन) कार्यविधि, २०७८ | २०७८।०६।०८ |
| ३. गैरकानुनी सम्पत्ति अनुसन्धान (तेस्रो संशोधन) कार्यविधि, २०७८ | २०७८।०९।१९ |
| ४. गैरकानुनी सम्पत्ति अनुसन्धान (चौथो संशोधन) कार्यविधि, २०८२ | २०८२।११।२८ |
| ५. गैरकानुनी सम्पत्ति अनुसन्धान (पाँचौं संशोधन) कार्यविधि, २०८२ | २०८२।१२।२५ |

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायको कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि आयोगको आन्तरिक प्रयोजनको लागि मात्र लागू हुनेछ। यस कार्यविधिको परिपालनाका विषयमा कुनै अड्डा अदालतमा प्रश्न उठाइने छैन।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुसन्धान अधिकृत" भन्नाले ऐनको दफा २० बमोजिम नियुक्त भएको वा तोकिएको कुनै पदाधिकारी वा कर्मचारी सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्झनु पर्छ।

(ग) "आयुक्त" भन्नाले आयोगको सम्पत्ति अनुसन्धान तथा मूल्यॉंकन महाशाखा हेर्न तोकिएको सम्वन्धित आयुक्त सम्झनु पर्छ र सो शब्दले आयोगको प्रमुख आयुक्त समेतलाई जनाउँछ।

(घ) "ऐन" भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ सम्झनु पर्छ।

(ङ) "कार्यविधि" भन्नाले गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ सम्झनु पर्छ।

(च) "गैरकानुनी सम्पत्ति" भन्नाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिम स्रोत खुल्न नसकेको सम्पत्ति सम्झनु पर्छ।

(छ) “छानबिन अधिकृत” भन्नाले गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी उजुरीको प्रारम्भिक छानबिन गर्न तोकिएको अधिकृत सम्झनु पर्छ।

(ज) "नियमावली" भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ सम्झनु पर्छ।

(झ) "प्रमुख आयुक्त" भन्नाले आयोगको प्रमुख आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख आयुक्त नरहेको अवस्थामा वा निजको अनुपस्थितिमा कार्यवाहक प्रमुख आयुक्त समेतलाई जनाउँछ।

(ञ) “पूर्णता परीक्षण समिति” भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को दफा २४ वमोजिम गठन भएको पूर्णता परीक्षण समिति सम्झनु पर्छ।

(ट) “महाशाखा” भन्नाले आयोगको सम्पत्ति अनुसन्धान तथा मूल्याँकन महाशाखा सम्झनु पर्छ।

(ठ) "वित्तीय संस्था" भन्नाले प्रचलित बैङ्क तथा वित्तीय संस्था ऐनमा उल्लेख भए अनुसारका वित्तीय संस्था सम्झनु पर्छ।

(ड) “विज्ञ” भन्नाले आयोगबाट कुनै विषय विज्ञको रूपमा नियुक्त वा तोकिएको व्यक्ति सम्झनु पर्छ।

(ढ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ।

(ण) "सम्पत्ति" भन्नाले प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐनमा उल्लेख भए अनुसारका सम्पत्ति सम्झनु पर्छ।

(त) “सूचना सङ्कलन संयन्त्र” भन्नाले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको विषयमा आवश्यक सूचना गोप्यरूपमा संकलन गर्ने प्रयोजनका लागि आयोगबाट जिम्मेवारी तोकिएको कर्मचारी, टोली वा संयन्त्र सम्झनु पर्छ।

(थ) “सम्पत्ति विवरण फाराम” भन्नाले शंकित व्यक्तिले अनुसन्धानको क्रममा आफ्नो सम्पत्ति विवरण अनुसूची -१ को ढाँचामा भरी आयोग समक्ष बुझाएको फाराम सम्झनु पर्छ।

(द) “सम्बन्धित व्यक्ति” भन्नाले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको विषयमा आयोगबाट अनुसन्धान भइरहेको व्यक्ति सम्झनु पर्छ।

(ध) “स्थानीय तह” भन्नाले नेपालको संविधानबमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद- २

## <u>छानबिन एवं अनुसन्धान प्रक्रिया</u>

३. **<u>उजुरीको प्राप्ति र दर्ता</u>:** (१) गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भनी आयोगमा प्राप्त भएका उजुरीहरू महाशाखाको अभिलेखमा दर्ता गर्नु पर्नेछ।

(२) आयोगमा जुनसुकै माध्यमबाट प्राप्त हुन आएका गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित सूचना वा आयोगको जानकारीमा आएको विषय वा सार्वजनिक सञ्चार माध्यममा

प्रकाशित वा प्रसारित विषयवस्तुमध्ये मनासिव सूचना एवं जानकारीलाई सम्बन्धित महाशाखाले अभिलेखमा दर्ता गरी आवश्यक कारबाहीका लागि पेश गर्नु पर्नेछ।

४. **उजुरीको वर्गीकरण र कारबाही**: (१) महाशाखाको अभिलेखमा रहेका उजुरीहरूलाई आवश्यकता अनुसार अनुसूची -२ बमोजिम वर्गीकरण गर्न सकिनेछ।

(२) गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरी वा जानकारीको सम्बन्धमा उजुरी वा जानकारीमा उल्लिखित व्यहोरा, प्राप्त तथ्य, प्रमाण लगायतका विषय उल्लेख गरी महाशाखा प्रमुखले पेस गर्नु पर्नेछ।

५. **उजुरीको अनुसन्धान एवं कारबाही सम्बन्धी निर्णय**: (१) महाशाखाबाट दफा ४ को उपदफा (२) बमोजिम पेस हुन आएका उजुरीहरूको सम्बन्धमा उजुरीमा उल्लिखित विषयवस्तु, विषयवस्तुको गाम्भीर्यता र प्रारम्भिकरुपमा प्राप्त हुन आएका तथ्य, प्रमाण एवं विवरणका आधारमा सम्वन्धित आयुक्तबाट देहायमध्ये कुनै एक वा एकभन्दा बढी विधि अवलम्बन गर्ने गरी निर्देशन हुन सक्नेछः-

(क) सम्बन्धित व्यक्तिको जीवनशैली, आर्थिक कारोबार लगायतका विषयमा गोप्यरूपमा सम्भव भएसम्मका तथ्य/सूचना संकलन गर्ने, जानकारी लिने र निगरानीमा राख्ने। यसको लागि आवश्यकताअनुसार आयोगको सूचना संकलन संयन्त्र परिचालन गर्ने,

(ख) उजुरीको सम्बन्धमा आवश्यकताअनुसार विभिन्न निकायसँग (घर, जग्गा, शेयर, सवारी साधन र बैंक कारोबार, मौज्दात आदि विवरण) थप तथ्य एवं प्रमाण झिकाई अध्ययन गरी निर्देशनका लागि पुनः पेस गर्ने,

(ग) उजुरी उपरको कारबाही हाललाई यथास्थितिमा राख्ने,

(घ) उजुरीको प्रारम्भिक छानबिन गर्ने,

(ङ) उजुरीउपर विस्तृत अनुसन्धान गर्न अनुसन्धान अधिकृत तोक्ने,

(च) तामेलीमा राख्ने,

(छ) सम्वन्धित आयुक्तबाट उपयुक्त ठहर्‍याइएको अन्य विधि अपनाउने।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्न महाशाखा प्रमुखले आवश्यकता अनुसार महाशाखामा कार्यरत अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।

(३) सम्बन्धित व्यक्तिको सम्पत्ति घटबढ एवं निजको चालचलन र रहनसहन आयोगको निगरानीमा राख्ने गरी निर्देशन भएमा सम्बन्धित निकायहरूमा कुनै निश्चित सीमाभन्दा बढीको कारोबार भएमा आयोगमा जानकारी गराउन पत्राचार गर्ने र यस सम्बन्धमा निगरानी राख्न आयोगको सूचना सङ्कलन संयन्त्रलाई समेत निर्देशन दिनु पर्नेछ।

(४) उजुरीको सम्बन्धमा विभिन्न निकायबाट थप तथ्य एवं प्रमाण संकलन गर्ने निर्णय भएमा तोकिएको अधिकृतले आवश्यक विवरण तथा तथ्याङ्क संकलन गरी देखिन आएको अवस्था समेत खुलाई महाशाखा प्रमुखसमक्ष पेस गर्नुपर्नेछ। यसरी पेस हुन आएका तथ्यहरूमा महाशाखा प्रमुखले आवश्यक निर्देशनका लागि आयुक्तसमक्ष पेस गर्नु पर्नेछ।

(५) कुनै सार्वजनिक पदाधिकारीको सम्पत्ति र जीवनयापनको सम्बन्धमा आयोगको सूचना सङ्कलन संयन्त्रबाट गोप्यरूपमा बुझी तथ्यहरू संकलन गर्ने निर्देशन भएकोमा सोसम्बन्धी व्यहोरा खुलाई आवश्यक कारबाहीका लागि आयोगको सूचना सङ्कलन संयन्त्रमा पठाउनु पर्नेछ।

६. **<u>उजुरीको प्रारम्भिक छानबिन:</u>** (१) महाशाखामा दर्ता हुन आएका उजुरीहरू बाहेक आयोगको सूचना सङ्कलन संयन्त्रबाट संकलित सूचना वा अन्य कुनै माध्यमबाट आयोग वा महाशाखामा प्राप्त हुन आएका जानकारी एवं सूचनाहरू वा अनुसूची -२ मा गरिएको वर्गीकरण अनुसार समूह 'क' र 'ख' मा परेका उजुरीमा उल्लिखित शंकित व्यक्तिलाई निगरानीमा राख्न वा निजविरुद्ध छानबिन अगाडि बढाउन उपयुक्त देखिएको अवस्थामा त्यस्ता सार्वजनिक पदाधिकारीहरूको विवरण तयार गरी समय समयमा अद्यावधिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विवरण वा आयोगमा प्राप्त उजुरीहरूका सम्बन्धमा दफा ५ को उपदफा (१) को खण्ड (घ) बमोजिम प्रारम्भिक छानबिन गर्ने निर्णय भएकोमा सचिवको सिफारिस बमोजिम सम्बन्धित आयुक्तले आयोगमा कार्यरत अधिकृत कर्मचारी मध्येबाट छानबिन अधिकृत तोक्न सक्नेछ।

♣(३) प्रारम्भिक छानबिन वा विस्तृत अनुसन्धानको लागि छानबिन अधिकृत वा अनुसन्धान अधिकृत तोकिएपछि निजले तत्काल सम्बन्धित व्यक्तिको लकर रोक्का राख्न नेपाल राष्ट्र बैङ्कलाई पत्राचार गरी सोको सात दिन पश्चात् सम्बन्धित व्यक्तिलाई आयोगमा बोलाई अनुसूची-१ बमोजिमको सम्पत्ति विवरण फाराम पन्ध्र दिनभित्र भर्न लगाई आवश्यक विवरण वा कागजात प्राप्त गर्नु पर्नेछ। सम्बन्धित व्यक्तिले तोकिएको समयभित्र त्यस्तो सम्पत्ति विवरण फाराम बुझाउन नसक्ने मनासिब आधार र कारण पेस गरेमा सम्बन्धित छानबिन अधिकृत वा अनुसन्धान अधिकृतले प्रमुख आयुक्तको स्वीकृति लिई अवधि थप गरिदिन सक्नेछ। त्यसरी सम्पत्ति विवरण फाराम भराउनु अगाडि सम्बन्धित व्यक्तिलाई अनुसूची-४ बमोजिमको ढाँचाको फाराम समेत भराउनु पर्नेछ।

तर छानबिन अधिकृत तोक्नु अगाडि तत्काल सम्पत्ति विवरण भराउन प्रमुख आयुक्तबाट निर्देशन प्राप्त भएमा सम्बन्धित महाशाखाले अनुसूची-१ र ४ बमोजिमको विवरण भराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको छानबिन अधिकृतले उजुरीमा उल्लिखित पदाधिकारीको सम्बन्धमा आवश्यकता अनुसार अन्य कार्यका अतिरिक्त देहायका कार्यहरु गर्नु पर्नेछः-

(क) सम्बन्धित कार्यालय/किताबखाना र सम्भव भए सम्मका अन्य निकाय र विधि (फेसबुक, ट्वीटर जस्ता सामाजिक संजाल आदि) बाट निजको अद्यावधिक पारिवारिक विवरण/सूचना संकलन गर्ने,

(ख) आवश्यकता अनुसार सम्बन्धित किताबखाना वा सम्वन्धित निकायमा निजले प्रचलित कानुन बमोजिम पेस गरेको सम्पत्ति विवरण फाराम माग गर्ने,

(ग) सम्बन्धित व्यक्ति तथा निजको एकासगोल परिवारका सदस्यहरूको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थामा भएका आर्थिक कारोबारको विवरण संकलन गर्ने,

(घ) सम्बन्धित व्यक्ति र निजको एकासगोल परिवारको नाममा काठमाडौं उपत्यका, निजको स्थायी बसोबास भएको जिल्ला, निजले कार्य गरेका स्थान

---

♣ पहिलो संशोधनद्वारा संशोधन भएकोमा पुनः चौथो संशोधनद्वारा संशोधित।

र मुख्य-मुख्य शहर लगायतका स्थानमा घर, घडेरी र जग्गा भए नभएको सम्बन्धमा भूमी व्यवस्थापन तथा अभिलेख विभाग एवं सम्बन्धित मालपोत कार्यालयहरूबाट विवरण संकलन गर्ने,

(ङ) सम्बन्धित व्यक्ति तथा निजको एकासगोल परिवारका सदस्यको नाममा शेयर, ऋणपत्र, बचतपत्र आदिमा लगानी गरेको देखिएमा त्यसको विवरणहरू संकलन गर्ने,

(च) कुनै उद्योग व्यवसायमा लगानी भए नभएको विवरण संकलन गर्ने,

(छ) निजले प्राप्त गर्न सक्ने तलब भत्ता लगायतका सुविधाहरूको अनुमान/यकिन गर्न सम्बन्धित किताबखाना वा सम्बन्धित सार्वजनिक निकायबाट विवरणहरू माग र संकलन गर्ने,

(ज) यस बाहेकका अन्य आवश्यक र सम्भव भएसम्मका सूचना/विवरण संकलन गर्ने,

(झ) छानबिन अधिकृतले आवश्यकता अनुसार महाशाखा प्रमुखसंगको समन्वयमा प्रमुख आयुक्तको निर्देशन अनुसार सूचना संकलन संयन्त्रमार्फत गोप्यरुपमा सूचना/विवरण संकलन गराउने,

(ञ) उपरोक्त विवरण/सूचनाका आधारमा प्रारम्भिक रूपमा आय व्ययको अवस्था खुल्ने गरी अनसूची -३ बमोजिमको ढाँचामा प्रतिवेदन पेस गर्ने।

♦(ट) छानबिन अधिकृत नतोकिएसम्म सम्बन्धित महाशाखा प्रमुखले उपदफा (४) बमोजिमका कार्यहरुसमेत गर्न सक्नेछ।

७. **<u>प्रारम्भिक रूपमा उजुरी माथिको कारबाही टुंग्याउन सकिनेः</u>** (१) दफा ६ बमोजिम प्रारम्भिक छानबिनमा रहेका वा महाशाखामा प्राप्त भएका देहाय बमोजिमका उजुरीहरू उपरको कारबाहीलाई प्रारम्भिकरूपमा नै तामेलीमा राख्ने गरी पेस गर्न सकिनेछः-

(क) अस्पष्ट, गोलमटोल र दुःख हैरानी दिने प्रकृतिका उजुरीहरू,

(ख) दोहोरो परेको, चालु अनुसन्धानका उजुरीसँगै गाभी लगत कट्टा गर्नुपर्ने उजुरीहरू,

(ग) एकपटक अनुसन्धान सम्पन्न भई सोही व्यक्तिका विरुद्ध कुनै थप प्रमाण बेगर पुनः प्राप्त उजुरीहरू,

(घ) महाशाखाको लगतमा रहेका तर अनुसन्धानको कारबाही सुरु नभएका र अनुसन्धान गर्न उपयुक्त नदेखिएका पुराना उजुरीहरू,

(ङ) प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्नुपर्ने नदेखिएका उजुरीहरू,

(च) महाशाखाबाट थप अनुसन्धान गर्न उपयुक्त नहुने भनी पेस भई निर्णय भएका उजुरीहरू।

८. **<u>विस्तृत अनुसन्धान गर्ने आधारहरुः</u>** (१) आयोगमा प्राप्त भएका उजुरीका सम्बन्धमा अन्य कुराका अतिरिक्त प्रारम्भिक छानबिन वा सूचना संकलनबाट देहायबमोजिमको कुनै एक वा एकभन्दा बढी अवस्था देखिन आएमा सो उजुरीउपर विस्तृत अनुसन्धान गरिनेछः-

---

♦ पहिलो संशोधनद्वारा थप

(क) दफा ६ बमोजिम प्रारम्भिक छानबिनबाट थप अनुसन्धान गर्नुपर्ने मनासिव आधार देखिएमा,

(ख) आयोगको सूचना सङ्कलन संयन्त्रले प्राप्त गरेको सूचनाबाट अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको देखिएमा,

#**स्पष्टीकरण**ः यस खण्डको प्रयोजनको लागि "अस्वाभाविक उच्च जीवनयापन" भन्नाले सामान्यतया कुनै राष्ट्रसेवक सार्वजनिक पदमा प्रवेश गर्दाको आर्थिक अवस्था, त्यसबखतको जीवनस्तर र निजले सेवा प्रवेशपछि प्राप्त गरेको आय, निजको दैनिक व्यय र आर्जित सम्पत्ति (जस्तै- महङ्गा गरगहना तथा जवाहरात, घरजग्गा तथा सवारी साधन खरिद), अभौतिक मुद्राको कारोबार, निजी खर्चमा बारम्बार विदेश भ्रमण तथा सुविधासम्पन्न होटल वा रिसोर्टको उपयोग, विदेशी बैङ्क तथा वित्तीय संस्थामा बैङ्किङ वा शेयरको कारोबार, अस्वाभाविक व्यावसायिक लगानी, आम्दानीको तुलनामा खर्चको प्रकृति र दैनिक जीवनशैलीको विश्लेषण समेतका आधारमा निजको जीवनस्तर अमिल्दो र अस्वाभाविक देखिएको अवस्था सम्झनु पर्छ।

(ग) आफ्नो हैसियत नसुहाउने गरी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको वा भोज भतेर गरेको देखिन आएमा,

(घ) आयोगको सूचना संयन्त्रबाट प्राप्त विवरण एवं सूचनाको विश्लेषण गर्दा उजुरीमा उल्लिखित व्यहोरा प्रमाणित हुन सक्ने अवस्था देखिएमा वा प्रारम्भिक अनुसन्धानका क्रममा त्यस्तो राष्ट्रसेवकले वैधानिकरूपबाट प्राप्त गर्न सक्ने आयभन्दा अस्वाभाविक खर्च एवं लगानी गरेको देखिएमा वा निजले स्रोत खुल्न नसक्ने गरी आर्जन गरेको सम्पत्ति अन्य कसैका नाममा राखेको विश्वासयोग्य सूचना प्राप्त भएमा,

(ङ) उजुरीमा उल्लिखित सार्वजनिक पद धारण गरेको व्यक्ति कुनै सार्वजनिक निकायमा भएको आर्थिक अनियमिततामा संलग्न रहेको देखिन आएमा,

(च) पदीय दुरुपयोग गरी आर्थिक अनियमितता गरेको सम्बन्धमा अन्य सरोकारवाला निकायहरूबाट आवश्यक कारबाहीका लागि आयोगमा लेखी आएमा,

(छ) आयोगबाट विस्तृत अनुसन्धान गर्ने गरी निर्णय/आदेश भएमा।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक पदाधिकारीले राजस्व हिनामिना, सार्वजनिक/सरकारी सम्पत्तिको हिनामिना, संगठित अपराध जस्ता कसुर गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याउने कार्यमा संलग्न भएको विषयमा अन्य निकायको छानबिन/अनुसन्धानबाट निजको संलग्नता पुष्टि भएको वा सम्बन्धित निकायमा मुद्दा दायर भएको अवस्थामा त्यस प्रकारको सूचनालाई नै आयोगले जानकारीमा लिई सोको आधारमा निजले गैरकानुनी सम्पत्ति आर्जन गरेको सम्बन्धमा विस्तृत अनुसन्धान सुरु गर्न सक्नेछ।

---

# पाँचौं संशोधनद्वारा संशोधित।

&(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम छानबिन हुँदा कुनै राष्ट्रसेवकको कुल आम्दानीको दश प्रतिशतसम्म व्यय रकम बढी देखिएमा विस्तृत अनुसन्धान गरिने छैन।

तर त्यस्तो व्यय रकम पचहत्तर लाख रुपैयाँ भन्दा बढी देखिएमा विस्तृत अनुसन्धान गरिनेछ।

९. **विस्तृत अनुसन्धान प्रक्रियाः** (१) कुनै उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान गर्न ऐनको दफा २० बमोजिम अनुसन्धान अधिकृत तोक्न वा नियुक्त गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको वा तोकिएको अनुसन्धान अधिकृतले प्रचलित कानुनमा भएको व्यवस्थाका अतिरिक्त अनुसन्धानको प्रारम्भिक चरणमा उजुरीसंग सम्बन्धित विषयमा निजले सम्पादन गर्ने कार्यको चेकलिष्ट र अनुसन्धान डायरी तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुसन्धानको प्रारम्भिक चरणपश्चात् अनुसन्धान अधिकृतले विस्तृत अनुसन्धान गर्दा देहायबमोजिम गर्नु पर्नेछः-

(क) प्रारम्भिक छानबिनका क्रममा छानबिन अधिकृतले संकलन गरेका विवरण र सम्बन्धित व्यक्तिले पेस गरेको सम्पत्ति विवरणको तुलनात्मक विश्लेषण गर्ने,

(ख) सम्बन्धित व्यक्तिले पेस गरेको सम्पत्ति विवरण तथा उजुरीमा खुलाइएका वित्तीय संस्थाबाट हालसालैको स्टेटमेण्ट लगायतका विवरण संकलन गर्ने,

(ग) अस्वाभाविक रकम जम्मा गरेको वा झिकेको देखिएमा आवश्यकतानुसार चेक, भौचर समेतका कागजातहरूका प्रतिलिपि संकलन गर्ने,

(घ) सम्बन्धित व्यक्तिको पैतृक घर ठेगाना, हाल बसोबास गरेको स्थान र कार्य गरेका स्थानमा कुनै घर तथा जग्गा जमिन रहे नरहेको थप यकिन गर्ने र उक्त स्थानमा रहेका वित्तीय संस्थाबाट कारोबार गरे नगरेको विवरण संकलन गर्ने,

(ङ) अरू कसैको नाममा घर तथा जग्गा जमिन राखे नराखेको पत्ता लगाउने,

(च) आवश्यकता अनुसार सम्बन्धित व्यक्तिको मोबाइल तथा टेलिफोन कल डिटेल कानुनबमोजिम संकलन गर्ने,

(छ) सम्बन्धित व्यक्तिको सम्पत्ति रहन सक्ने सम्भाव्य नातेदारहरूको सूची तयार गर्ने र विश्वसनीय आधार देखिएमा त्यस्ता नातेदारहरू समेतलाई अनुसन्धानको दायरामा ल्याउने,

(ज) अनुसन्धानमा रहेको व्यक्ति र आवश्यकता अनुसार अन्य व्यक्तिको बयान लिने, आवश्यकता अनुसार तारेखमा राख्ने वा आयोगले खोजेका बखत उपस्थित हुने कागज गराई छाड्ने,

@(झ) सम्बन्धित व्यक्ति र निजको एकासगोलको परिवारको बैंक तथा वित्तीय संस्था वा सम्बन्धित निकायमा रहेको खाता, घर जग्गा तथा अन्य सम्पत्तिहरूको विवरण प्राप्त भएपछि त्यस्तो सम्पत्ति रोक्का राख्नुपर्ने मनासिब

---

& पाँचौं संशोधनद्वारा थप।

@ चौथो संशोधनद्वारा संशोधित।

आधार भएमा निज र एकासगोलको परिवारको जीवनशैली, सामाजिक संस्कार, स्वास्थ्य उपचार, शिक्षा जस्ता आधारभूत कुराहरूमा असर नपर्ने गरी आयोगको निर्णय बमोजिम सम्बन्धित अनुसन्धान अधिकृतले रोक्का राख्न सक्ने। यसरी रोक्का राखिएको सम्पत्ति अनुसन्धान सम्पन्न नहुँदै फुकुवा गर्नुपर्ने भएमा आयोगको निर्णय बमोजिम गर्ने। त्यसरी रोक्का राखिएको वा फुकुवा गरिएको सम्पत्तिको जानकारी सम्बन्धित महाशाखा र प्रमुख आयुक्तको सचिवालयलाई दिनु पर्ने।

(ञ) अन्य कानुनी व्यवस्था एवं यस दफामा उल्लेख गरिएबमोजिम अनुसन्धान सम्पन्न गरी प्राप्त तथ्य एवं प्रमाणका आधारमा देखिन आएको अवस्थाअनुसार सम्बन्धित व्यक्ति र एकासगोलका परिवारका सदस्यहरूको वास्तविक आय एवं खर्चहरू यकिन गरी आय व्ययको प्रवाह विवरण (Income Expenditure Flow Chart) को आधारमा स्रोत खुलेको र नखुलेको सम्पत्तिहरूको विश्लेषण गरी आफ्नो रायसहित अनुसूची-५ बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी आयोगसमक्ष पेस गर्ने,

(ट) आय व्ययको प्रवाह विवरण (Income Expenditure Flow Chart) तयार गर्दा अस्वाभाविक र अपत्यारिलो कारोबार देखिएको अवस्थामा बाहेक कारोबार भएको मितिको आधारमा सामान्यतया हरेक ५/५ वर्षको अन्तरालमा शीर्षकगत रूपमा आय व्यय विवरण खुल्ने गरी आम्दानी र खर्चको तालिका तयार गर्ने,

(ठ) कुनै अवधिको कूल खर्च कूल आयभन्दा सारभूतरूपमा बढी भएमा र त्यसरी बढी हुनुको आधार, कारण पुष्टि हुन सक्ने नदेखिएमा सो विन्दुमा कट अफ मिति राखेर आय व्यय तालिकाको विष्लेषण गर्ने,

(ड) अनुसन्धानको क्रममा सम्बन्धित व्यक्तिसँग मर्यादित एवं मानवोचित व्यवहार गर्नुपर्ने साथै नेपालको संविधान तथा प्रचलित कानुनले प्रत्याभूत गरेका अधिकारहरूको सम्मान, प्रयोग तथा पालना गर्नुपर्ने।

(४) अनुसन्धानको क्रममा आवश्यकता अनुसार अनुसन्धान अधिकृतले महाशाखा प्रमुखसँगको समन्वयमा प्रमुख आयुक्तसमक्ष प्रतिवेदन गरी सूचना सङ्कलन संयन्त्रमार्फत गोप्यरूपमा अनुसन्धान भइरहेको व्यक्तिसँग सम्बन्धित सूचनाहरू संकलन गर्न गराउन सक्नेछ।

## परिच्छेद -३

## सम्पत्ति मूल्यांकनका आधारहरू

**१०. <u>आय व्ययको गणना तथा मूल्यांकनका आधारहरु:</u>** सम्वन्धित व्यक्तिको देहाय बमोजिमको आय व्ययको गणना तथा सम्पत्तिको मूल्यांकन निम्नानुसार गर्नु पर्नेछः-

**(क) पारिश्रमिक आयको सम्बन्धमाः**

१. सार्वजनिक पद धारण गरेको राष्ट्रसेवक तथा निजको एकासगोलका परिवारले प्रचलित कानुन बमोजिम कुनै रोजगारीबाट प्राप्त गरेको आम्दानीलाई आयमा गणना गर्ने।

२. सम्बन्धित व्यक्तिको पारिश्रमिकलाई आयमा गणना गर्दा निजले प्राप्त गरेको कुल पारिश्रमिक आयमा जीवन निर्वाह खर्च बापत ३० प्रतिशत कट्टा गरी बाँकी हुने रकम बचतको रुपमा गणना गर्ने। यसरी पारिश्रमिक आयको गणना गर्दा निजले वार्षिकरुपमा प्राप्त गर्ने चाडपर्व खर्च, वार्षिकरुपमा भुक्तानी पाएको सञ्चित विदाको रकम लगायतलाई समेत समावेश गरी सोही आधारमा आय गणना गर्ने।

३. सम्बन्धित व्यक्तिको एकासगोलका परिवारका अन्य सदस्य पनि कुनै रोजगारीमा संलग्न भई आय आर्जन गरेको अवस्थामा अन्यथा प्रमाणित हुन आएको अवस्थामा बाहेक परिवारका अन्य प्रत्येक सदस्यको पारिश्रमिकमा १५ प्रतिशत जीवन निर्वाह खर्च कटाई बाँकी रकम आयमा गणना गर्ने। तर यस सम्बन्धमा सम्बन्धित व्यक्तिले नै १५ प्रतिशतभन्दा बढी खर्च हुने भनी पेस गरेकोमा सोहीबमोजिम खर्च कटाई आय गणना गर्ने। साथै निजले पेस गरेको विवरणमा थप खर्च पुष्टि हुने कुनै स्पष्ट आधार प्रमाण देखिएको अवस्थामा सो खर्चसमेत कटाई बाँकी रकमलाई मात्र आयमा गणना गर्ने।

#४. कुनै सार्वजनिक पदाधिकारीले मासिक पारिश्रमिकका अतिरिक्त कुनै प्रकारका भत्ता तथा सुविधाहरू (स्थानीय भत्ता, प्रोत्साहन भत्ता, निकायगत भत्ता, बैठक भत्ता, पदीय जिम्मेवारी बापत पाउने थप सुविधा आदि) प्राप्त गरेको रहेछ भने त्यस्तो सुविधा बापतको शतप्रतिशत रकम निजको आयमा गणना गर्ने। तर दैनिक तथा भ्रमण खर्चका हकमा भने यसै कार्यविधिमा व्यवस्था भएबमोजिम गणना गर्ने।

५. पारिश्रमिक आयलाई गणना गर्दा सम्बन्धित व्यक्तिको अभिलेख राख्ने निकाय वा कार्यरत निकायबाट प्राप्त विवरणलाई आधार मान्ने। तर सम्वन्धित निकायबाट विवरण प्राप्त हुन नसकेको अवधिको पारिश्रमिक आय गणना गर्दा कर्मचारी संचय कोषमा कट्टी भएको रकमको आधारमा आय गणना गर्न सक्ने।

६. सम्बन्धित व्यक्तिको अभिलेख राख्ने निकायमा अद्यावधिक नरहने प्रकृतिका उत्प्रेरणाजन्य मौद्रिक भत्ता एवं अन्य सुविधाहरू (जस्तै: स्थानीय भत्ता, प्रोत्साहन भत्ता, निकायगत भत्ता, महँगी भत्ता, दैनिक भ्रमण भत्ता, अतिरिक्त समय काम गरेको भत्ता आदि) लगायतका आम्दानीको सम्बन्धमा कार्यरत निकायले #प्रमाणित गरिदिएको विवरण, हाजिरी विवरण वा अन्य तवरबाट प्राप्त कागजातमा उल्लिखित विवरणलाई आधार मान्ने। यस्तो विवरण कागजात प्राप्त हुन नसकेको अवस्थामा सम्बन्धित व्यक्ति त्यस प्रकारको सुविधा प्राप्त गर्ने निकाय वा स्थानमा कार्यरत रहेको पुष्टि हुने अवस्था भएमा निज स्वयंले प्रमाणित गरी पेस गरेको मनासिव हदसम्मको विवरणलाई समेत आधार मानी आय गणना गर्न सक्ने।

७. अध्ययन, अध्यापन, अनुसन्धानात्मक वा सिर्जनात्मक कार्यबाट प्राप्त हुने आयलाई आयको रूपमा गणना गरिने तर यस्तो आय आर्जन गरेको पुष्टि हुने प्रमाण (लेखापरीक्षण प्रतिवेदन, करकट्टी तथा दाखिला विवरण वा सम्वन्धित निकायको पत्र) पेस भएको हुनुपर्ने।

---

# पाँचौं संशोधनद्वारा संशोधित।

@८. प्रचलित कानुन बमोजिम तोकिएको निकाय वा संस्थाको स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा काम गरे बापत प्राप्त गरेको आयलाई वा सरकारी सेवामा प्रवेश गर्नुभन्दा अगाडि निजी संस्था वा कम्पनीमा काम गरे बापत प्राप्त गरेको आय निजले सेवा प्रवेश गर्दाका बखत पेश गरेको सम्पत्ति विवरणमा उल्लेख गरेको भएमा त्यस्तो आयलाई यकिन गरी आम्दानीका रूपमा गणना गर्न सकिने।

९. सेवाबाट अवकाश हुँदाका बखत वा अवकाशपश्चात् सार्वजनिक सेवा गरेबापत कुनै मौद्रिक सुविधा प्राप्त गरेको रहेछ भने त्यस्तो सुविधा प्राप्त भएको खुल्ने कागजातका आधारमा आय गणना गर्ने।

**(ख) <u>भ्रमणबाट प्राप्त आयको सम्बन्धमाः</u>**

१. कार्यालयको कामको सिलसिलामा स्वदेशभित्र भ्रमणमा खटिएको पुष्टि हुने कागजात पेस हुन आएमा यातायात खर्च बाहेक प्राप्त गरेको रकममा अन्यथा प्रमाणित भएमा बाहेक ३० प्रतिशत खर्च कटाई बाँकी हुन आउने रकम आयमा गणना गर्ने।

२. सम्बन्धित निकायको स्वीकृतिमा तीन महिनाभन्दा कम अवधिका लागि विदेश भ्रमणमा गएकोमा प्राप्त रकमको आय गणना गर्दा अन्यथा प्रमाणित हुन आएको अवस्थामा बाहेक कूल प्राप्त रकममा यातायात खर्च बापतको रकम बाहेकको हुन आउने रकममा ३० प्रतिशत खर्च कटाई बाँकी रहेको रकमलाई आयमा गणना गर्ने।

३. तीन महिनाभन्दा बढी अवधिका लागि वैदेशिक तालिम, अध्ययन, मिसन आदि जस्ता कार्यका लागि विदेश गई विदेशमा कुनै पारिश्रमिक, भत्ता आदि जस्ता कुनै मौद्रिक सुविधा प्राप्त गर्ने र स्वदेशमा पनि नियमित मासिक तलब भत्ता प्राप्त हुने अवस्था रहेछ भने अन्यथा प्रमाणित भएकोमा बाहेक निजले स्वदेशमा प्राप्त गरेको पारिश्रमिकमा ३० प्रतिशत र विदेशमा प्राप्त गरेको मौद्रिक सुविधाको रकममा १५ प्रतिशत जीवन निर्वाह बापतको खर्च कटाई बाँकी रकमलाई आयमा गणना गर्ने।

४. विदेशस्थित कुनै मिसनमा सहभागी भएर कार्य गरेको कुनै सार्वजनिक पदाधिकारीले मौद्रिक सुविधा प्राप्त गरेको र त्यस प्रकारको रकमबाट सम्बन्धित राष्ट्रसेवकले आफू संलग्न संगठनमा कल्याणकारी कोषमा कुनै रकम बुझाउनुपर्ने रहेछ भने निजले प्राप्त गरेको कूल रकमबाट त्यस्तो कल्याणकारी कोषमा कट्टा गरिएको वा बुझाइएको रकम घटाई बाँकी रहन आउने रकममा १५ प्रतिशत रकम जीवन निर्वाह खर्चका रूपमा कट्टा गरी तत्पश्चात् बाँकी रहन आउने ८५ प्रतिशत रकमलाई निजको आय बचत मानेर गणना गर्ने। यसरी मिसनबाट प्राप्त रकमको गणना गर्दा सम्बन्धित निकायबाट प्रमाणित गरिदिएको कागजात वा तलबी भरपाई (Pay Slip) वा उक्त आय भएको खुल्ने कुनै कागजातका आधारमा आय गणना गर्ने।

@ चौथो संशोधनद्वारा संशोधित।

५. विदेश गएको र आएको राहदानीबाट देखिने तर दैनिक भ्रमण भत्ता लिएको प्रमाण कागजात पेस नभएको अवस्थामा कार्यक्रम आयोजना वा संयोजन गर्ने निकायको तत्कालीन दैनिक भ्रमण भत्ताको दररेटलाई आधार मान्ने।

६. आय प्राप्त भएको पुष्टि हुने आधिकारिक र वस्तुनिष्ठ प्रमाण नभएको अवस्थामा राहदानीमा उल्लेख भएको वैदेशिक मुद्रा सटही गरेको विवरणलाई आयको मान्यता प्रदान नगर्ने। विदेश गए आएको पुष्टि भएको तर सो बापत के कति सुविधा प्राप्त गरेको हो भन्ने कागजात प्राप्त हुन नसकेमा वा पुष्टि हुन नसकेमा सो अवधिमा भ्रमण गर्दा प्रचलित भ्रमण खर्चसम्बन्धी कानुन बमोजिम प्राप्त हुन सक्ने पकेट खर्च बराबरको रकम आय गणना गर्ने।

(ग) <u>विदेशमा आर्जित र विप्रेषण आयको सम्बन्धमाः</u>

सार्वजनिक पदाधिकारी वा निजको एकासगोलका सदस्य कुनै प्रयोजनका लागि विदेश गएको र त्यसरी जाँदा आय आर्जन गरेको दावी गरेको अवस्थामा त्यस्तो आयको वैधानिक स्रोत पुष्टि हुने आधिकारिक कागजातका आधारमा आय गणना गरिनेछ। यसरी आय गणना गर्दा निम्नबमोजिम आधार लिइनेछः-

१. सम्बन्धित निकाय वा रोजगारदाताबाट उपलब्ध गराएको पारिश्रमिक/सुविधा खुल्ने पत्र वा सम्झौता पत्र जस्ता कागजातलाई आधार मानिने र यस्तो प्रमाण पेस गर्न नसकेको अवस्थामा वैधानिक आय खुल्ने अन्य प्रमाण कागजातहरू (करकट्टी विवरण, वैदेशिक रोजगार विभागबाट प्राप्त विवरण, सम्वन्धित दूतावासको पत्र आदि) लाई समेत आधार लिन सकिने। यसरी प्राप्त भएको आयमा अन्यथा प्रमाणित भएमा बाहेक ३० प्रतिशतसम्मको रकमलाई निर्वाह खर्च मानी बाँकी रकमलाई बचतको रूपमा गणना गर्ने।

२. सार्वजनिक पदाधिकारीको एकासगोलका कुनै सदस्य अध्ययनका लागि विदेश गएको र निजले अध्ययनकै क्रममा रकम पठाएको भनी दावी भएको अवस्थामा अध्ययन गर्न गएको देश, अध्ययन गरेको विषय, अध्ययनका लागि लाग्ने शुल्क तथा समय र उक्त मुलुकमा वैधानिक रुपमा रोजगारी गरी अन्य आय आर्जन गरेको प्रमाणित हुने कागजात (रोजगारदाताको पत्र, सम्झौता पत्र, करकट्टी विवरण, सम्वन्धित दूतावासको पत्र आदि) हेरी उक्त आय आर्जनबाट निजको निर्वाह खर्च ३० प्रतिशत कटाई बाँकी हुन आउने हदसम्मको वैधानिक माध्यमबाट पठाइएको रकमलाई मात्र आयमा समावेश गर्न सकिने।

(घ) <u>कृषि आयको सम्बन्धमाः</u>

कृषियोग्य जमिनको हकमा सम्बन्धित व्यक्तिले कृषि उब्जनीबाट आय प्राप्त गरेको दावी गरेमा देहायबमोजिम गर्नु पर्नेछः-

१. अन्यथा प्रमाणित भएकोमा बाहेक घर घडेरी प्रयोजनको जग्गा जमिनको कृषि आय गणना नगर्ने।

२. प्रचलित कानुन बमोजिम पैतृक वा स्रोत खुलेको स्वआर्जित जग्गा वा भाडामा लिएको जग्गा जमिन के कति हो र निजले के कति कृषि आय प्राप्त गर्न सक्ने हो

यकिन गर्ने। यस्तो पुख्यौंली जग्गाको कृषि आय गणना गर्दा सो जग्गामा हकदार संख्याको आधारमा आय गणना गर्ने।

३. पैतृक जग्गा बाहेक अन्य जग्गाको हकमा कानुन बमोजिम हक कायम भएको मितिदेखि मात्र कृषि आय गणना गर्ने।

४. कृषि आयका सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायले स्वीकृत गरेको मापदण्ड वा सम्बन्धित निकाय वा विषय विशेषज्ञले आधार र मापदण्ड खुलाई प्रमाणित गरिदिएको आय विवरणलाई मान्यता दिई गणना गर्ने।

५. अनुसन्धान अधिकृतले आवश्यकताअनुसार कृषि उत्पादन, बालीको अवस्था र जग्गाको प्रकृति बुझ्न आफैं वा सम्बन्धित विषय विज्ञ वा आयोगको टोलीबाट स्थलगत अनुगमन गर्न गराउन सक्ने।

६. अनुसन्धान अधिकृतले स्थलगत रूपमा अनुगमन गर्दा बाली लागेको समय भए सोही समय र बाली लागेको समय नभए सो जग्गाको अवस्था र उत्पादकत्वको बारेमा जनप्रतिनिधि, जग्गा धनी र स्थानीय जनता समेतको रोहवरमा खेती भए नभएको, भएको भए कति बाली भएको हो भन्ने विषय उल्लेख गरी सर्जमिन मुचुल्कासमेत तयार गरी संलग्न गर्ने र सो समेतलाई अनुसन्धानको आधार बनाउने।

७. नेपाल सरकार, कृषि मन्त्रालय वा अन्तर्गतका निकाय वा अन्य सरकारी निकायबाट हरेक वर्ष प्रकाशित गरिने उत्पादन लागत (Cost of Production) वा यस्तै अन्य कुनै प्रकाशन वा विवरणमा उल्लेख भएको व्यहोरालाई आधार मानी आय गणना गर्न सकिने। यसरी आय गणना गर्दा सम्बन्धित जिल्लाको कुनै वर्षको कुनै उपजबाट हुने आय उल्लेख नभएको अवस्थामा सँगै जोडिएको र उही प्रकृतिको जिल्लाको दररेटलाई आधार मानी आय गणना गर्न सकिने। सँगै जोडिएको जिल्लाको समेत जिल्लागत दररेट खुल्न नसकेको अवस्थामा सोही जिल्लाको अघिल्लो र पछिल्लो वर्षहरूको आयको औसत निकाली आय गणना गर्न सकिने।

८. मोही लागेको जग्गा भए सो जग्गाबाट जग्गाधनीले प्राप्त गर्ने मुख्य बालीको कुतको आधारमा कृषि तथ्यांकको दररेटलाई आधार मानी आय गणना गर्न सकिने। कुतको विवरण नखुलेको अवस्थामा सालबसाली रूपमा कुतबाली निर्धारण समितिले निर्धारण गरेको दररेट कायम गर्न सकिने। पहाडी जिल्लाको हकमा सोही अनुपातमा दररेट कायम गरी गणना गर्न सकिने।

९. दुई बालीभन्दा बढी र सघन बाली लगाई आय भएको अवस्थामा यस्तो बालीको किसिम र क्षेत्रफल पुष्टि हुने आधार सम्बन्धित कृषि ज्ञान केन्द्रबाट प्राप्त गर्ने।

१०. सरकारका सम्बन्धित निकायबाट तयार गरिएको मापदण्डलाई आधार मानी अनुसन्धान अधिकृतले कृषि आयको अनुमान (Estimate) गर्न सक्ने।

११. नगदे बालीबाट हुने आय गणना गर्दासमेत यस दफामा उल्लिखित आधारमा गणना गर्ने।

१२. कृषि क्षेत्रबाट हुने आम्दानीको गणना गर्दा सम्बन्धित कृषि ज्ञान केन्द्र वा स्थानीय तह वा अन्य सार्वजनिक निकायबाट प्राप्त आयसम्बन्धी विवरणमा कृषि उत्पादनमा

लागेको उत्पादन लागत एवं खर्च कटाई गणना गरिएको वा नगरिएको यकिन गर्ने।

१३. कृषि आय निर्धारण गर्दा अन्य आधार प्रमाणबाट कृषि आय यकिन हुन नआएमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर अनुसार २०५१ सालपछिको प्रतिबिघा प्रतिवर्ष रु.२०,०००।– मा नघट्ने गरी कृषिबाट प्राप्त आम्दानीलाई आयमा गणना गर्न सकिने।

१४. कृषि आय गणनाको मापदण्ड निर्धारण गर्न आयोगले सम्बन्धित विषय विशेषज्ञहरू समेत भएको टोली बनाई सो टोलीले निर्धारण गरेको मापदण्डका आधारमा गणना गर्न सकिने। यसरी तयार गरेको मापदण्डलाई आवश्यकताअनुसार नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्याङ्क विभाग वा यस्तै अन्य सार्वजनिक निकायले बार्षिकरूपमा तयार गर्ने सूचकांकका आधारमा आयोगबाट अद्यावधिक गर्ने।

१५. बेमौसमी प्रकारका कृषि व्यवसायबाट भएको आयको दावी सम्बन्धमा त्यस प्रकारको कृषि कार्य भएको पुष्टि हुने अवस्था देखिएमा सोसमेत आयमा गणना गर्ने।

१६. सम्बन्धित विज्ञसँग कृषि आयको गणनाका लागि अनुसन्धान अधिकृतले अनुरोध गर्दा निम्न बमोजिमका सूचना/विवरणहरू समेत खुलाई पठाउनु पर्नेः-

(क) जग्गा आफैंले कमाएको/अधियाँमा दिएको/लिज वा ठेक्कामा दिएको वा अन्य केही भए नभएको।

(ख) जग्गाको मोही भए नभएको।

(ग) जग्गाको देहायको विवरणसमेतः-

जग्गाको विवरण

| क्र.सं. | जग्गा धनीको नाम | जग्गाको विवरण र किसिम | | | | बालीको विवरण | सिंचाइ सुविधा भए /नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | गा.पा./ न.पा./ वडा नं | कि.नं. | क्षेत्रफल | जग्गाको किसिम | | | |
| | | | | | | | | |
| | | | | | | | | |

***नोटः*** *बालीको विवरण खण्डमा मुख्य बाली, सहायक बाली, नगदेबाली, फलफूल र तरकारी आदि के कस्तो बाली लगाएको हो सो विवरणमा खुलाउनु पर्नेछ।*

१७. कुनै व्यक्तिले व्यवसायिक खेती गरेको दावी गरी आय पेश गरेमा निज वा निजका सगोलका परिवारका सदस्यले व्यवसायिकरुपले फर्म/कम्पनी दर्ता वा बीमा गरेको छ छैन यकिन गरी सोआधारमा आय गणना गर्ने।

**(ङ) पशुपन्छी/माछा/किट पालनबाट हुने आयको सम्बन्धमा**

१. व्यावसायिकरूपमा माछा, मौरी, पशुपन्छी आदि पालनबाट हुने आय गणना गर्दा व्यवसायिकरुपले फर्म/कम्पनी दर्ता वा बीमा गरेको छ छैन यकिन गरी यस्ता कार्यसँग सम्बन्धित विभिन्न सूचकहरू, जात, उत्पादन क्षमता, स्थानीय स्रोत, पालन गरिएको स्थान, साधनको उपलब्धता र लागत खर्चसमेतको विश्लेषण गरी आय गणना गर्ने।

२. माथि उल्लिखित माछा, मौरी, पशुपन्छी आदि पालनबाट भएको आयका सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकाय वा विषय विशेषज्ञबाट आधार र मापदण्ड खुलाई प्रमाणित गरिदिएको आय विवरणलाई मान्यता दिई गणना गर्ने।

३. आवश्यकता अनुसार अनुसन्धान अधिकृतले पशुपन्छी/माछा/किट आदिबाट आय दावी भएकोमा सो सम्बन्धमा आफैं वा सम्बन्धित विषय विज्ञ वा आयोगको टोलीबाट स्थलगत अनुगमन गर्न गराउन सक्ने।

(च) <u>निजी जग्गामा रहेको वन पैदावार/खानी आदिबाट हुने आयको सम्बन्धमाः</u>

१. निजी जग्गामा रहेको वन पैदावार, जडिबुटी, ढुङ्गा, बालुवा, माटो आदि जस्ता खनिज पदार्थको बिक्रीबाट आय दावी भएको अवस्थामा त्यस्तो पैदावार बिक्रीका लागि अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट अनुमति लिएको र शुल्क/कर/दस्तुर बुझाउनु पर्ने भएमा सम्वन्धित निकायमा बुझाएको शुल्क/कर/दस्तुर समेतको आधार लिई आयमा गणना गर्ने।

२. व्यावसायिक कारोबारमा बाहेक घरायसी व्यवहारका सामान्य कारोबारको आय दावी भएको अवस्थामा अनुमति नलिएको भए पनि आय दावी गरेको रकम, त्यस्तो वनजंगल वा खानी रहेको स्थान र कारोबार हुन सक्ने अवस्था समेतका आधारमा मनासिव देखिएको आम्दानीलाई आयमा गणना गर्ने।

(छ) <u>उद्योग, व्यापार, व्यवसाय वा अन्य कुनै लगानीबाट प्राप्त हुने आयको सम्बन्धमाः</u>

१. कुनै उद्योग, व्यापार, व्यवसाय वा कम्पनी आदिमा भएको लगानीको स्रोत वैधानिक भएमा मात्र त्यस प्रकारको व्यवसायबाट हुने आय गणना गर्ने।

२. व्यवसायका रूपमा नै कुनै उद्योग, व्यापार, व्यवसाय गरेको भए सम्बन्धित निकायमा दर्ता एवं नवीकरण र आवश्यकता अनुसार सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेको हुनुपर्ने।

३. साना तथा लघु उद्यम वा व्यवसायका हकमा सम्बन्धित निकायमा दर्ता नभएको वा कर नतिरेको अवस्थामा पनि लगानी र प्रतिफलको विश्लेषण गरी तर्कसंगत/मनासिव आम्दानीलाई आयमा गणना गर्ने।

४. कम्पनी वा फर्मको आय र व्ययको विश्लेषण गर्दा अन्यथा प्रमाणित नभएसम्म लेखापरीक्षण प्रतिवेदनलाई आधार मान्ने।

५. शैक्षिक, प्राविधिक वा परामर्श सेवाबाट प्राप्त आयको दावी भएमा त्यस्तो सेवा प्रदान गर्न अनुमति लिनुपर्ने अवस्थामा लिएको र आय पुष्टि हुने प्रमाण कागज पेस भएमा मात्र आयमा गणना गर्ने।

६. यातायात व्यवसायबाट आय दावी भएको अवस्थामा व्यवसाय दर्ताको प्रमाण हेरी नेपाल सरकार अन्तर्गत भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा दररेट विश्लेषण गरी संचालन खर्च तथा ह्रास कट्टी गरी आय निर्धारण गर्ने।

७. वित्तीय संस्थाहरूबाट ऋण लिएर सवारी साधन खरिद गरेको भए ऋण लिएको एवं तिरेको विवरणका आधारमा आय व्यय यकिन गर्ने।

८. कुनै सवारी साधन भाडामा दिई आम्दानी गरेको भन्ने दावी भएमा उक्त सवारी साधन खरिद गर्दा भएको लगानीको स्रोत पुष्टि भएको हुनुपर्नेछ र त्यस्तो आम्दानीको कर तिरेको हुनुपर्नेछ। तर कुनै सरकारी सुविधा बापत प्राप्त वा राजस्व वा कुनै अन्य कर छुटमा प्राप्त भएको सवारी साधनको भाडा बापत आय दावी गरेको अवस्थामा आय गणना नगर्ने।

९. सवारी साधन खरिद गर्दा तिरेको मूल्य, बिमा, नवीकरण दस्तुर बापत तिरेको रकमलाई हिसाब गरी खर्च गणना गर्ने।

१०. व्यवसायबाट प्राप्त हुने आय गणना गर्दा लगानीको अनुपातभन्दा प्रतिफल बढी देखाउने, व्यवसाय नै अस्तित्वमा नभए पनि दर्ता, नवीकरण र कर चुक्ता गरेको प्रमाण पेस गर्ने, कर कार्यालयमा र आयोगमा पेस गरेको विवरणमा फरक देखाउने जस्ता प्रवृत्ति हुन सक्ने भएकोले सो विषयमा ध्यान दिई वस्तुनिष्ठ प्रमाणका आधारमा आय व्यय यकिन गर्ने।

११. सार्वजनिक सेवामा बहाल रहेको अवधिमा प्रचलित कानुनले रोक नलगाएको कुनै अन्य व्यवसाय वा कार्य गरी आम्दानी गरेको भनी दावी गरेको अवस्थामा त्यसरी आम्दानी गरेको पुष्टि हुने कागज प्रमाण पेस भएकोमा आयमा गणना गर्ने।

१२. शिक्षा, स्वास्थ्य तथा सहकारी जस्ता क्षेत्रमा गरेको लगानीबाट प्राप्त हुने आय सम्बन्धमा संस्थाले शेयरधनीलाई दिने लाभांश प्रयोजनका लागि तयार गरेको स्रेस्ता वा लाभांश बाँडफाँडको विवरण, ह्रास कट्टी, तलब, भत्ता, मसलन्द आदि कट्टा गरे नगरेको विश्लेषण गर्ने।

**(ज) <u>घर तथा जग्गा बिक्री एवं भाडाबाट प्राप्त हुने आयको सम्बन्धमाः</u>**

१. घर जग्गाको स्वामित्व खुल्ने सम्बद्ध लिखत संकलन गरी त्यस्तो सम्पत्ति सगोल, एकल, पैतृक वा स्वआर्जित के कस्तो हो र प्राप्तिको स्रोतसमेतलाई विश्लेषण गरी प्राप्त निष्कर्षका आधारमा आय गणना गर्नुपर्ने।

२. घर तथा जग्गा खरिद बिक्रीबाट प्राप्त आयलाई गणना गर्दा अन्यथा प्रमाणित नभएसम्म लिखत रजिष्ट्रेशन पारित गर्दाको मूल्यलाई खरिद बिक्रीको मूल्य मान्नुपर्ने,

३. रजिष्ट्रेशनको लिखत पेस हुन नसकेकोमा सो आर्थिक वर्षका लागि सम्बन्धित जिल्लाको जग्गाको दररेट मूल्यांकन समितिले निर्धारण गरेको न्यूनतम दररेटलाई आधार मान्नुपर्ने।

४. भाडाबाट प्राप्त आयको दावी भएमा सम्झौतापत्र र कर चुक्ता गरेको प्रमाण पेस गरेमा त्यसको आधारमा आय गणना गर्नुपर्ने।

@५. घर भाडाको सम्झौता पेश नगरी बहाल कर मात्र तिरेको अवस्था देखिएमा वा आयोगबाट अनुसन्धान सुरु भइसकेपछि कर चुक्ता गरेको देखिएमा निजको एकासगोलको परिवार संख्या र घरको क्षेत्रफल, घरको तल्ला, एक भन्दा बढी घर रहेको अवस्था समेत सम्बन्धित स्थानीय तह वा स्थलगत सर्जमिनबाट यकिन गरी गराई निजले पेश गरेको बहाल रकम आयमा गणना गर्न सकिने।

तर सम्पत्तिको स्रोत पुऱ्याउने नियतले मात्र घर बहाल रकमको कर चुक्ता गरेको देखिएमा त्यस्तो घर बहाल रकम आयमा गणना गरिने छैन।

@ चौथो संशोधनद्वारा संशोधित।

(झ) <u>शेयर/डिबेन्चर/ऋणपत्र खरिद बिक्रीबाट हुने आयको सम्बन्धमाः</u>

१. शेयरमा भएको लगानीको संस्थापक वा साधारण के कस्तो प्रकृतिको हो हेरी सोही आधारमा आय व्यय गणना गर्ने।

२. साधारण र हकप्रद शेयरको हकमा सम्बन्धित कम्पनीले जारी गर्दा तय गरेको न्यूनतम मूल्यलाई आधार मान्ने।

३. Further Public Offering (FPO) र बोलकबोल माध्यमबाट खरिद गरेको शेयरको हकमा लगानी गरेको वास्तविक मूल्यका आधारमा व्यय गणना गर्ने।

४. द्वितीय बजार (Secondary Market) बाट खरिद गरिएको शेयरको हकमा खरिद बिक्री गर्ने शेयर दलालले जारी गरेको बिजक वा स्टक एक्सचेन्जबाट प्राप्त प्रमाणका आधारमा मूल्य, पुँजीगत लाभकर र कमिसनसमेत यकिन गरी आय व्यय गणना गर्ने।

५. शेयरमा लगानी गरी प्राप्त गरेको बोनस तथा लाभांशको गणना गर्दा सम्बन्धित कम्पनीबाट प्रदान गरिएको लाभांशको विवरणलाई आधार मान्ने।

६. Commodity Market को कारोबारबाट कुनै आय दावी गरेको अवस्थामा सो कारोबार भएको पुष्टि हुने कागजातका आधारमा आय गणना गर्ने।

७. डिबेन्चर/ऋणपत्रको कारोबारबाट भएको आयको गणना गर्दा सम्बन्धित संस्थाबाट प्राप्त भएको विवरणलाई आधार मान्ने।

(ञ) <u>विदेशमा लगानी गरी प्राप्त हुने आयको सम्बन्धमाः</u>

प्रचलित कानुन बमोजिम विदेशमा लगानी गर्न स्वीकृति प्राप्त गरी आय आर्जन गरेको दावी गरेको अवस्थामा सम्बन्धित निकायबाट सोको पुष्टि हुने कागजातहरु माग गरी सोको आधारमा आय गणना गर्ने।

(ट) <u>बिमाबाट प्राप्त आयको सम्बन्धमा</u>ः

बिमाबाट प्राप्त आयको गणना गर्दा बिमा कम्पनीले भुक्तानी गरेको बिमा रकमको प्रमाण वा सो सम्बन्धी अन्य कागजात पेस गर्नुपर्ने साथै बिमाको प्रिमियम भुक्तानी गर्दाको रकमको स्रोत खुलेको हुनुपर्ने।

(ठ) <u>वित्तीय संस्था तथा आपसी लेनदेनबाट प्राप्त हुने आयको सम्बन्धमाः</u>

१. कानुन बमोजिम स्थापित वित्तीय संस्थाहरूबाट ऋण लिए दिएको प्रमाणित हुने कागजातका आधारमा त्यस्तो रकमलाई गणना गर्ने।

२. घरसारमा लिएको ऋण/सापटी रकमको गणना गर्दा ऋण/सापटी लिनुपर्ने अवस्था/प्रयोजन, ऋण/सापटी लिने व्यक्ति र निजको परिवारको बैंक मौज्दातको अवस्था, ऋण/सापटीको रकम, ऋण दिनेको हैसियत, ऋण/सापटी लेनदेनलाई पुष्ट्याईं गर्ने थप प्रमाण (बैंक दाखिला भौचर वा बैंक चेक) र सम्पत्तिको स्रोत एवं खर्चको आधारमा विश्लेषण गरी मनासिव देखिएमा गणना गर्ने।

३. ऋण लिएकोलाई आयमा र ऋण चुक्ता एवं सोको ब्याजलाई व्ययमा गणना गर्ने।

४. कुनै वित्तीय संस्थामा निक्षेपको रूपमा जम्मा भएको रकम आर्जनको वैधानिक स्रोत पुष्टि भएमा ब्याज रकमलाई आयमा गणना गर्ने।

५. आफ्नो वा एकासगोलका परिवारका सदस्यका नामको बैंक खातामा नै मौज्दात भएको अवस्थामा पनि बैंक वा वित्तीय संस्थाबाट कर्जा लिएको देखिन आएमा त्यस्तो कर्जा लिनु पर्नाको औचित्य सम्बन्धित व्यक्तिलाई पुष्टि गर्न लगाउने।

६. जुन प्रयोजनका लागि भनेर बैंक वा वित्तीय संस्थाबाट कर्जा लिएको हो सोही प्रयोजनमा खर्च गरेको नदेखिएमा समेत कर्जा लिएको रकम के कुन कार्यमा खर्च गरेको हो खुलाउन लगाई त्यस्तो खर्च रकमलाई समेत निजको व्ययमा समावेश गर्ने।

(ड) <u>पुरस्कार, चिठ्ठा, बोनस आदिबाट प्राप्त आयको सम्बन्धमा:</u>

१. सार्वजनिक निकायबाट पुरस्कार, बोनस आदि प्राप्त भएकोमा सो प्राप्त भएको पुष्टि हुने कागजात पेस गर्नुपर्ने।

२. चिठ्ठा परेको भनी दावी लिएको सम्बन्धमा चिठ्ठा खरिद गरेको, रकम प्राप्त गरेको र कर तिर्नुपर्ने भएमा कर तिरेको प्रमाण कागजातका आधारमा आयमा गणना गर्नुपर्ने।

(ढ) <u>दाइजो पेवाबाट प्राप्त हुने आयको सम्बन्धमा:</u>

१. अन्यथा प्रमाणित भएकोमा बाहेक सामान्यतया १७५ ग्राम वा १५ तोलासम्मको सुन र १,००० ग्रामसम्मको चाँदीलाई दाइजो पेवाबाट प्राप्त हुन सक्ने मानी सोको बिक्रीबाट प्राप्त आय गणना गर्न सकिनेछ। सो भन्दा बढी दावी गरेको अवस्थामा लिने दिनेको हैसियत र प्रचलित कानुन वमोजिम सम्वन्धित निकायमा पेश गरेको सम्पत्ति विवरणमा उल्लेख गरेको व्यहोरा समेत लाई विचार गरी सो दावीलाई मान्यता दिन सक्ने।

२. दाइजो वा पेवाको सम्बन्धमा कुनै विश्वसनीय लिखत भएकोमा लिने दिनेको हैसियतलाई विचार गरी त्यस्तो लिखतलाई मान्यता दिन सक्ने।

(ण) <u>सुन, चाँदी र अन्य बहुमूल्य वस्तु खरिद बिक्रीबाट प्राप्त आयको सम्बन्धमा:</u>

१. सुन, चाँदी र अन्य बहुमूल्य वस्तु खरिद बिक्रीको आय दावी भएमा आधिकारिक कागज/ बिल, बिजकलाई आधार मान्ने। त्यस्तो सुन, चाँदी र अन्य बहुमूल्य बस्तु खरिद, बिक्री एवं प्राप्तिको स्रोत खुलेको हुनुपर्ने। पैत्रिकरुपमा प्राप्त भएको त्यस्तो सम्पत्ति बिक्री गरेको दावी लिएमा पैत्रिक रुपमा प्राप्त गर्न सक्ने हैसियत बिचार गरी बिक्रीको आधिकारीक कागजको आधारमा आय गणना गर्ने।

२. बण्डापत्रमा उल्लेख भएको विश्वसनीय परिमाणको सुन, चाँदी, गरगहनालाई सम्पत्तिको स्रोतको रूपमा गणना गर्ने।

३. बहुमूल्य पत्थर, धातु एवं पुरातात्विक वस्तुबाट हुने आय मूल्यांकन गर्दा आधिकारिक निकायको कागजातलाई मान्यता दिने।

४. यस प्रकारको सुन, चाँदी आदि खरिद बिक्री वा लगानी गरी कुनै सम्पत्ति बढे बढाएको भए मात्र आय व्ययमा गणना गर्ने। पैतृकरूपमा प्राप्त भएको र बढेबढाएको नभएमा आय व्ययमा समावेश गर्नु नपर्ने।

**११. <u>खर्च तथा लगानीको गणना तथा मूल्यांकनका आधारहरूः</u>** सम्वन्धित व्यक्तिको खर्च तथा लगानीको गणना तथा मुल्यांकन देहायबमोजिम गर्नु पर्नेछः-

**(क) <u>घर जग्गा खरिद/प्राप्तिमा भएको लगानीको गणना सम्बन्धमाः</u>**

१. घर तथा जग्गा जमिन खरिदमा हुने व्ययलाई गणना गर्दा अन्यथा प्रमाणित भएमा बाहेक पारित लिखत रजिष्ट्रेशनमा खुलेको मूल्यलाई व्यय मान्ने। लिखतमा उल्लेख भएको मूल्य बाहेक खरिद/बिक्रीका लागि बैंक खाता वा अन्य माध्यमबाट थप रकम भुक्तानी भएको विश्वसनीय आधार देखिएमा सो थप भुक्तानी रकमलाई आय/व्ययमा गणना गर्ने।

२. दान बकसबाट प्राप्त सम्पत्तिको हकमा दातासंगको नाता सम्बन्ध, दाताको हैसियत, दान बकस दिनुपर्ने कारण र कर छल्ने उद्देश्यले बकस लिए दिएको हो होइन, सोसमेत बिचार गर्ने। अन्यथा लिखत मूल्यलाई नै आधार मानी गणना गर्ने।

३. पति, पत्नी र छोरा छोरी तथा अंशियारहरूबीचमा अंशबण्डाको लिखत पारित गरी छुट्टी भिन्न भएको देखिए तापनि अनुसन्धान प्रयोजनका लागि त्यस्तो बण्डापत्रमा लेखिएका सम्पत्तिहरूको वैधानिक स्रोत भए नभएको पुष्टि गर्न लगाउने। हालैको बकसपत्रबाट प्राप्त भएको सम्पत्तिको स्रोतसमेत खोज्ने।

४. अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले आवश्यकतानुसार प्राविधिकहरूको सहयोगमा सम्बन्धित घर तथा जग्गा जमिनको स्थलगत निरीक्षण गर्ने।

५. पैतृकरूपमा प्राप्त भएको सम्पत्ति स्वआर्जित सम्पत्तिको रूपमा गणना नगरी सम्बन्धित व्यक्तिको सम्पत्तिमा गणना गर्ने।

६. जग्गा खरिद गर्दा रजिष्ट्रेशन दस्तुर एवं पुँजीगत लाभकर आकर्षित हुनेमा सो समेतका खर्च हिसाब गर्ने।

**(ख) <u>घर निर्माण खर्च गणना सम्बन्धमाः</u>**

१. घर/टहरा निर्माण गर्दा लागेको लागत कागज प्रमाणबाट खुल्न आएसम्म सोको आधारमा निर्माण खर्च यकिन गर्ने।

२. कागज प्रमाणबाट खुल्न नआएको वा अस्वाभाविक रूपमा न्यून खर्च दावी भएको अवस्थामा घरको निर्माण लागत मूल्यांकन गर्दा जे जति भौतिक निर्माण कार्य जे जुन समयमा सम्पन्न भएको हो, तत् तत् मितिलाई आधार मानी सम्बन्धित स्थानीय तह वा नेपाल सरकारको सम्बन्धित निकायले तोकेको दररेटको आधारमा मूल्य कायम गर्ने। त्यस्तो दररेटमा Overhead Cost समावेश भए नभएको यकिन गरी समावेश भएको भएमा सोही प्रतिशत बराबरको रकम सो दररेटबाट घटाई कायम हुने दररेटलाई आधार मानेर मूल्यांकन गर्ने।

३. निर्माण वर्ष यकिन नभएको अवस्थामा नक्सा पास भएको मितिलाई कायम गर्ने वा नक्सा पास गराउनु नपर्ने स्थानमा भए धारा, बिजुली वा टेलिफोन जडान गरेको मितिलाई आधार मान्ने।

४. लागत मूल्य यकिन गर्न नसकिएको अवस्थामा सम्बन्धित स्थानीय निकायले कर प्रयोजनको लागि कायम गरेको मूल्यलाई आधार मान्ने।

५. नक्सा पास गरी घर निर्माण पहिले भएको तर निर्माण सम्पन्न प्रमाणपत्र पछिमात्र लिएको अवस्थामा माथि उल्लेख भएबमोजिम घर निर्माण भएको अवधि यकिन गरी सोही आधारमा लागत गणना गर्ने।

६. एउटै घर/टहराको निर्माण लागतमध्ये केही अंशको स्रोत खुलेको र केहीको नखुलेको अवस्थामा स्रोत खुलेको र नखुलेको लागतको प्रतिशत छुट्याई सोही अनुपातमा गणना र विश्लेषण गर्ने।

**(ग) <u>घर मूल्यांकन सम्बन्धमाः</u>**

१. अनुसन्धानको क्रममा संकलित प्रमाणका आधारमा अस्वाभाविकरूपमा सम्पत्ति आर्जन गरेको तथ्य पुष्टि हुने अवस्था देखिएमा वा घर/टहरा निर्माण लागतका आधारमा मात्र अस्वाभाविक आर्जन हो होइन यकिन हुने अवस्था भएमा आयोगबाट प्राविधिकसहितको टोली खटाई घर टहराको लागत मूल्यांकन गर्ने गराउने।

२. घर निर्माणको मूल्यांकन गर्न आयोगबाट खटिएको टोलीले फर्निचर, फर्निसिङ, आन्तरिक सजावट, विद्युत र विद्युतीय सामग्रीको समेत मूल्यांकन गर्ने।

३. भवन निर्माणको लागत मूल्यांकन गर्दा सहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत दररेटका आधारमा मूल्यांकन गर्ने। त्यस्तो दररेटमा Overhead Cost समावेश भए नभएको यकिन गरी समावेश भएकोमा सोही प्रतिशत बराबरको रकम सो दररेटबाट घटाई कायम हुने दररेटलाई आधार मानी मूल्यांकन गर्ने।

४. घर मूल्यांकनको सम्बन्धमा घरको Plinth Area तथा Floor Area गणना गर्दा देहायबमोजिम गर्ने :-

(क) भवनको सबैभन्दा बाहिरको पिल्लरबाट अन्तिमको पिल्लरसम्मको क्षेत्रलाई (Pillar to Pillar ) गणना गर्ने।

(ख) भवनको बाहिरपट्टि बरण्डा/Top निकालेर कोठाको रूपमा प्रयोग नगरेको केबल खुला बरण्डा /Top मात्र भएकोलाई Plinth area तथा Floor Area मा समावेश नगर्ने।

(ग) भवनको बाहिरपट्टि बरण्डा/Top निकालेर त्यसलाई चारैतिरबाट वाल लगाएर वा अन्य कुनै प्रकारले बारेर/घेरेर कोठाको रूपमा प्रयोग गरिएको अवस्थामा सो क्षेत्रलाई समेत Plinth Area मा समावेश गरी गणना गर्ने।

(घ) भवनको जगदेखि नै पिल्लर उठाएर बरण्डा/बाल्कोनी/Top निर्माण गरेको छ भने त्यस्तो क्षेत्रफललाई Plinth Area तथा Floor Area मा समावेश गरी गणना गर्ने। भवन निर्माण गर्दा भवनको क्षेत्रफलभित्रको २ वर्ग मिटरभन्दा बढी (उज्यालो/भेन्टिलेसन/पाइपलाइन आदिका लागि खाली छोडेको) क्षेत्र

Void /Shaft रहेको भएमा त्यस्तो क्षेत्रफललाई घटाई Plinth Area तथा Floor Area कायम गर्ने।

५. सहरी विकास तथा भवन निर्माण विभागबाट मिति २०७५।१२।२९ मा स्वीकृत भएको (यस आयोगको प्रयोजनका लागि आ.व. २०७६।७७ देखि लागू भएको) भवन मुल्यांकन दररेटमा सिभिल, स्यानेटरी र विद्युत कार्यको अलग अलग दररेट भएकोले मिति २०७६।०४।०१ भन्दा पछाडि निर्माण भएका भवनहरूको मुल्यांकन गर्दा सोही दररेटका आधारमा सिभिल, विद्युतीय र स्यानेटरी कार्यको मूल्यांकन गर्ने साथै साइट डेभलपमेन्टसम्बन्धी कार्यको सम्बन्धमा विशेषज्ञ प्राविधिकले स्थलगतरूपमा हेरी प्रतिवेदनमा खुलाउने।

६. मिति २०७६।०४।०१ भन्दा पहिला निर्माण भएका घर/टहराको मूल्यांकन प्रयोजनका लागि घरको फिनिसिङ, विद्युतीय, स्यानेटरी र साइट डेभलपमेन्ट कार्यको अलगअलग दरदेट स्वीकृत नभएको हुँदा सोको लागत मूल्यांकन गर्दा उत्तम, मध्यम र सामान्य मध्ये के कस्तो वर्गमा पर्ने हो, अनुसूची -६ मा उल्लेख भएबमोजिम समेतका आधारमा प्रकार यकिन गरी सिभिल कार्यको लागतको देहायबमोजिमको प्रतिशतका आधारमा हुन आउने दररेटका आधारमा मूल्यांकन गर्नेः-

| सि. नं. | भवनको प्रकार | फिनिसिङ कार्य | विद्युतीय कार्य | स्यानेटरी कार्य | साइट डेभलपमेन्ट कार्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | उत्तम | २१ | ३ | ८ | ५ | |
| २. | मध्यम | ६ | २ | ५ | १.५ | |
| ३. | सामान्य | १ | १ | ४ | ०.२५ | |

७. माथिको तालिकामा उल्लेख गरे बाहेक अति उत्तम प्रकारको वा अस्वाभाविक लागतमा भवनको फिनिसिङ, विद्युतीय, स्यानेटरी र साइट डेभलपमेन्टको कार्य भएको खुल्न/देखिन आएमा, घरमा एयरकण्डिसन, लिफ्ट, जडान भएको, आधुनिक सुविधासम्पन्न Smart Commode लगायतका सामग्रीहरू प्रयोग गरी विलासी प्रकारको घर निर्माण भएको देखिन आएमा मूल्यांकनकर्ताले स्थलगत निरीक्षण गरी पेस गरेको प्रतिवेदनमा उल्लेख भएको रकमलाई व्ययमा गणना गर्ने। यस प्रकारको अस्वाभाविक अवस्थाका बारेमा मूल्यांकनकर्ताले पुष्ट्याईंसहित प्रतिवेदनमा खुलाउनु पर्ने।

८. फर्निचर, फर्निसिङको मूल्यांकन सम्बन्धित विषय विशेषज्ञले स्थलगत अवलोकन गरी निजले आधार/पुस्ट्याईंसहित खुलाई पेस गरेको प्रतिवेदनमा उल्लेख भएबमोजिमको मूल्यलाई समावेश गर्ने।यसरी मूल्यांकन गर्दा सामान्य जुट कार्पेट/टाट, सामान्य खालका पर्दा, बुट्टा नभएको सामान्य खाट, सामान्य टि टेबुल, कपडाको खोल भएको स्प्रिङवाला खुट्टे सोफा सेट, सामान्य खालको दराज, सामान्य

खालको पढ्ने टेबल, सामान्य डाइनिङ टेबुल वा गद्दा नभएको सादा काठको सामान्य मेच एवं घरभरिमा एउटा मात्र भान्छा भई त्यस्तो भान्छाकोठामा सिमेन्टको सामान्य Slab बनाई त्यस्तो Slab को तल बनाइएको सामान्य किचेन र्‍याक जस्ता न्यूनतम सामग्रीहरुको एक-एक थान/सेट भएमा अलग्गै मूल्यांकन गरिरहनु नपर्ने।

९. बुँदा ८ मा उल्लेख भएबमोजिम यस्ता प्रकारका सामग्रीहरु अस्वाभाविक देखिएको अवस्थामा र आधुनिक एवं महँगा प्रकारका बुट्टेदार फर्निचरहरू, बुट्टेदार घरको ढोका तथा झ्यालहरू, मोड्युलर किचन आयातित र स्थानीयस्तरमा नबनाइएका फर्निचरहरूको हकमा अलग्गै मूल्यांकन गर्नुपर्ने।

१०. विद्युतीय उपकरण/सामग्रीहरूको मूल्यांकन गर्दा आम सर्वसाधारणले समेत प्रयोगमा ल्याउन सक्ने दैनिक चलनचल्तीमा आउने सामान्य विद्युतीय उपकरणहरू (जस्तै- राइस कुकर, सामान्य सिलिङ वा स्टेण्ड पंखा, विद्युतीय चुलो, मिक्सचर, आइरन, फ्रिज, साधारण टेलिभिजन जस्ता एकएक थान घरायसी सामग्रीहरू) को अलग्गै मूल्यांकन गरिरहनु नपर्ने। यस प्रकारका उपकरणहरूको मूल्य सम्बन्धित व्यक्तिले आयोगमा पेश गरेको सम्पत्ति विवरण फाराममा नै उल्लेख गरिदिएको भएमा सोही मूल्यलाई लिई गणना गर्ने।

११. माथि उल्लिखित एकसरो सामान्य विद्युतीय सामग्रीहरु पनि अस्वाभाविक देखिन आएको अवस्थामा भने घर मूल्यांकनका क्रममा मूल्यांकन गर्न सकिने। एयरकण्डिसन तथा सि.सि.टि.भी. जडान भएको घरमा त्यस्ता सामानहरूको छुट्टै मूल्यांकन गर्ने। यसरी मूल्यांकन भएकोमा त्यस प्रकारका विद्युतीय सामग्रीहरूको मूल्य सम्बन्धित व्यक्तिले सम्पत्ति विवरण फाराममा उल्लेख गरे नगरेको यकिन गरी दोहोरो नपर्ने गरी मात्र खर्चमा गणना गर्ने।

१२. सोलार तथा इन्भर्टर जडान भएको घरको हकमा सोलार वाटर हिटर सिस्टम ३०० लिटर, बत्तिको लागि सोलार प्यानल ५० Watt, इन्भर्टर १ KVA, Battery १३०AH, १२V सम्मका एकएक थान सम्म भएमा यस्ता सामग्रीहरुको छुट्टै मूल्यांकन गरिरहनु नपर्ने। यस प्रकारका सामग्रीहरुको सम्बन्धित व्यक्तिले सम्पत्ति विवरण फाराममा उल्लेख गरेको मूल्यलाई नै गणना गर्नुपर्ने। यसभन्दा बढी संख्यामा वा बढी क्षमताको जडान गरिएको भएमा त्यस्ता सामग्रीहरूको छुट्टै मूल्यांकन गर्नुपर्ने। यस बुँदामा उल्लेख भएबमोजिम फर्निचर एवं विद्युतीय सामग्रीहरुको मूल्यांकन गर्नुपर्ने अवस्थामा त्यस्ता सामग्रीहरू खरिदको बिल/इन्भ्वाइस उपलब्ध भएमा सोहीबमोजिम मूल्यांकन गर्ने र बिल एवं खरिद मिति उपलब्ध/यकिन हुन नसकेमा सम्बन्धित व्यक्तिलाई त्यस्ता सामग्री खरिदको मिति खुलाउन लगाई खरिद गर्दाको समयमा त्यस्ता सामग्रीहरु चलनचल्तीको बजार मूल्यका आधारमा विशेषज्ञ मूल्यांकनकर्ताले मूल्य खुलाई दिएको प्रतिवेदनबमोजिम गणना गर्ने।

१३. अनुसन्धान अधिकृतले आयोगको सम्बन्धित महाशाखामा वा विशेषज्ञसमक्ष घर मूल्यांकनका लागि अनुरोध गरी पठाँउदा निम्न कागजात/विवरणहरू संलग्न गरी पठाउनु पर्नेः-

(क) घरको स्वीकृत नक्सा, नक्सा पास प्रमाणपत्र वा घर निर्माण अनुमतिपत्र। यस्ता प्रकारको कागजातहरू उपलब्ध हुन नसकेमा निर्माण भएको वर्ष खुलेको अन्य कुनै कागजात।

(ख) सम्पूर्ण घर एकै पटक निर्माण सम्पन्न भएको वा फरक फरक तला फरक फरक वर्षहरूमा निर्माण गरिएको हो सो व्यहोरा खुलेको जानकारी।

(ग) घर निर्माण सम्पन्न प्रमाणपत्र। घर निर्माण सम्पन्न प्रमाणपत्र नभएमा घरमा विद्युत वा पानी वा टेलिफोन जडान भएको खुल्ने कुनै कागजात।

**(घ) <u>शैक्षिक खर्चको सम्बन्धमाः</u>**

शैक्षिक खर्चको गणना देहायबमोजिम गणना गर्नु पर्नेछः-

१. सम्बन्धित व्यक्तिका एकासगोलका परिवारका सदस्यलाई सामुदायिक विद्यालयमा अध्ययन गराएको रहेछ भने त्यसमा लागेको शैक्षिक खर्चलाई व्ययमा गणना नगर्ने।

२. शिक्षा नियमावलीमा वर्गीकरण भएअनुसारका ग र घ श्रेणीका संस्थागत विद्यालयमा अध्ययन गराएको रहेछ भने त्यस अवस्थामा निजले खुलाई दिएको रकमलाई नै निजको शैक्षिक खर्चका रूपमा खर्चमा गणना गर्ने।

३. शिक्षा नियमावलीको वर्गीकरण अनुसार क र ख श्रेणीका संस्थागत विद्यालयमा अध्ययन गराएको वा औसत शुल्कभन्दा महँगो शुल्क तिरेर अध्ययन गराइएको वा सम्बन्धित व्यक्तिको मासिक पारिश्रमिकको तुलनामा अस्वाभाविक शुल्क तिर्नुपर्ने विद्यालयहरूमा अध्ययन गराएको खुल्न आएमा त्यस प्रकारको शैक्षिक खर्चलाई निजको खर्चमा गणना गर्ने र यस क्रममा सम्बन्धित शैक्षिक संस्थामा सम्बन्धित व्यक्तिले तिरे बुझाएको सबै प्रकारको शुल्कको विवरण प्राप्त र यकिन गरी खर्चमा गणना गर्ने।

४. धेरै लगानी आवश्यक पर्ने (मेडिकल, नर्सिङ, इन्जिनियरिङ आदि एवं नेपाल बाहिर आफ्नै खर्चमा आदि) क्षेत्रमा अध्ययन गरे गराएको देखिन आएमा सो बापत लागेको खर्च एकिन गरी गणना गर्ने।

**(ङ) <u>अन्य खर्चको सम्बन्धमाः</u>**

बैंक चेक वा ATM बाट नगद निकालेको स्वाभाविक/मनासिब हदसम्मको रकमलाई बैंक कारोबारका आधारमा मात्र सम्बन्धित व्यक्तिको व्ययमा समावेश गरी गणना नगर्ने तर दैनिक जीवनयापनका लागि आवश्यक पर्ने बाहेक ठूलो परिमाणमा वा अस्वाभाविक रूपमा POS मा Card Swipe गरेर वा अन्य कुनै माध्यमबाट कुनै Hotel/ Restaurant/ Shopping Mall आदिमा अस्वाभाविक खर्च गरेको पुष्टि हुन आएमा त्यस्तो खर्चलाई पुष्ट्याईसहित निजको व्ययमा गणना गर्ने।

## परिच्छेद- ४

## विविध

**१२. वित्तीय संस्थामा रहेको रकमको सम्बन्धमाः**

१. सम्बन्धित व्यक्तिलाई निज तथा एकासगोलका परिवारका सदस्यका नाममा बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरूको मौज्दात एवं कारोबार रकमको स्रोत खुलाउन लगाउनु पर्नेछ।

२. वित्तीय संस्थामा रहेको रकम झिकी कुनै सम्पत्ति आर्जन गरेको वा त्यसबाट बढे बढाएको भएमा त्यस्तो रकम जम्मा गर्दा स्रोत खुलेको/नखुलेको के कस्तो अवस्थामा छ सोहीबमोजिम गणना गर्नु पर्नेछ।

३. वित्तीय संस्थामा जग्गा जमिन/घर बिक्री गरी जम्मा गरिएको रकम हो भनी जिकिर लिएको खण्डमा जग्गा जमिन बिक्रीको समय, परिमाण, स्थान एवं रकमको अवस्थालाई समेत विचार गरी सो तथ्य यकिन गर्नुपर्नेछ।

४. कुनै बैंक/वित्तीय संस्थामा रहेको बचत वा मुद्दती खातामा जम्मा गरिएको रकम एक खाताबाट निकालेर वा खाता नवीकरण गरेर अर्को बैंक वा खातामा सारिएको पुष्टि हुने अवस्थामा त्यस्तो रकमलाई निजको व्यय मौज्दात गणना गर्दा दोहोरो नपर्ने गरी मात्र गणना गर्नुपर्नेछ।

५. सम्बन्धित व्यक्तिको बैंक मौज्दातलाई निजको व्यय मौज्दातमा गणना गर्दा अन्यथा पुष्टि हुन आएकोमा बाहेक अनुसन्धान अवधिको अन्तिम मिति (Cut-off date) को मौज्दातलाई लिई गणना गर्नुपर्नेछ।

६. बैंकमा जम्मा भएको रकमबाट व्याज आय दावी गरेकोमा त्यसरी जम्मा भएको रकमको श्रोत बैधानिक भएमा मात्र व्याज आय गणना गर्ने।

**१३. लकर रोक्का तथा फुकुवा सम्बन्धमाः**

१. छानबिन/अनुसन्धानको क्रममा रहेको व्यक्ति तथा निजको एकासगोलका परिवारका सदस्यको नाममा कुनै बैंक तथा वित्तीय संस्थामा लकर रहेको जानकारी भएमा सम्बन्धित छानबिन अधिकृत वा अनुसन्धान अधिकृत वा महाशाखा प्रमुखले तत्काल सो लकर रोक्का राख्न लगाउनु पर्नेछ।

@२. सम्बन्धित व्यक्तिले आयोगमा सम्पत्ति विवरण फाराम बुझाएको सामान्यतया ३० दिनभित्र रोक्का राखिएको लकर खोली विवरण प्राप्त गर्नु पर्नेछ।

३. लकरको विवरण प्राप्त गर्न खटिई जाने कर्मचारीले लकरमा रहेका सम्पूर्ण मालवस्तुहरू, नगद, गरगहना आदिको विवरण सहितको मुचुल्का तयार गरी पेस गर्नुपर्नेछ।

४. खण्ड (ग) बमोजिम प्राप्त मुचुल्काबाट लकरमा रहेका चिजवस्तु अस्वाभाविक नदेखिएमा छानबिन अधिकृत वा अनुसन्धान अधिकृत वा महाशाखा प्रमुखले सम्बन्धित आयुक्तलाई जानकारी गराई उक्त लकर फुकुवा गरी दिनुपर्नेछ। लकरमा अस्वाभाविक मालवस्तु रहेको देखिन आएमा सम्बन्धित आयुक्तको निर्देशनअनुसार सो लकर आयोगबाट हुने निर्णयानुसार

@ चौथो संशोधनद्वारा संशोधित।

गर्ने गरी उक्त लकर रोक्का राख्नु पर्नेछ। यसरी रोक्का राख्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले चाडपर्व मान्न वा सामाजिक संस्कारबमोजिम मनासिव माफिकको गरगहना प्रयोग गर्नबाट वञ्चित हुने गरी रोक्का राखिने छैन।

**१४. <u>बैंक खाता, घरजग्गा र शेयर रोक्का तथा फुकुवा सम्बन्धमाः</u>**

१. अनुसन्धानको क्रममा रहेको व्यक्तिको कुनै बैंक खाता, घर जग्गा तथा शेयर रोक्का राख्नुपर्ने अवस्था देखिएको र अनुसन्धान अधिकृत नतोकिएकोमा महाशाखा प्रमुखले @<u>आयोगको निर्णय अनुसार</u> त्यस्तो सम्पत्ति रोक्का राख्नु पर्नेछ।

२. खण्ड (क) बमोजिम रोक्का राख्दा निजको दैनिक जीवनयापन, सामाजिक व्यवहार, घर खर्च, पढाई खर्च, औषधोपचार जस्ता अत्यावश्यक व्यवहार चल्न सक्ने अवस्थालाई समेत बिचार गर्नुपर्नेछ।

३. अनुसन्धान गर्दै जाँदा रोक्का राखिएको सम्पत्ति अश्वाभाविक नदेखिएको, स्रोत पुष्टि हुने देखिएको वा यस कार्यविधिको दफा २२ को उपदफा (१) र (२) को अवस्थामा रोक्का राखिएको सम्पत्ति फुकुवा गरिनेछ।

**१५. <u>लुकाए छिपाएको सम्पत्ति सम्बन्धमाः</u>**

सार्वजनिक पद धारण गरेको राष्ट्रसेवक वा निजका एकासगोलका परिवारका साथमा रहेको वा अन्य कसैका नाममा राख्न दिएको वा राखेको सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा वा सम्बन्धित व्यक्तिले आयोगमा पेस गरेको सम्पत्ति विवरण वा बयानमा नखुलाएको कुनै सम्पत्ति पछि अनुसन्धानका क्रममा पत्ता लागेमा सम्बन्धित व्यक्तिले त्यस्तो सम्पत्ति छुट हुनको मनासिव कारण देखाउन नसकेमा निजले त्यस्तो सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरेको मानी अनुसन्धान गरिनेछ।

**१६. <u>स्रोत खुलेको र नखुलेको मिश्रित सम्पत्ति गणना सम्बन्धमाः</u>**

स्रोत खुलेको र स्रोत नखुलेको सम्पत्ति मिश्रित भई कुनै सम्पत्ति आर्जन भएको वा बढे बढाएको भए स्रोत खुलेसम्मको सम्पत्तिलाई अलग गरी बाँकी सम्पत्ति स्रोत नखुलेको मानी सोअनुसार गणना गर्नुपर्नेछ। यसरी श्रोत खुलेको र नखुलेको सम्पत्ति गणना गर्दा सम्भव भएसम्म आय व्यय प्रवाह विवरणमा उल्लिखित आय व्यय रकमको मितिको क्रमानुसार गर्नुपर्नेछ।

**१७. <u>उजुरी तामेलीमा राख्ने गरी पेस गर्न सकिनेः</u>** (१) वैधरूपमा आम्दानी भएको दावी गरिएको कुनै आय पुष्टि हुने कागज प्रमाण अनुसन्धानको क्रममा पेस हुन नसकेको र सो आय भए गरेको देखिने कागज प्रमाण पेस गर्न सकिने अवस्था नरहेको भनी विश्वास गर्ने मनासिव आधार भएमा र बाँकी आयको स्रोत पुष्टि भएको देखिएमा त्यस्तो आयलाई वैध स्रोतबाट प्राप्त भएको मानी उजुरी उपरको कारबाही तामेलीमा राख्ने गरी पेस गर्न सकिनेछ।

(२) आय व्ययको तुलना एवं विश्लेषण गर्दा उपलब्ध कागज/प्रमाणबाट कुनै आयको वैध स्रोत पुष्टि हुन नसकेको तर आय व्ययको कागज प्रमाण राख्न नसक्ने अवस्था एवं व्यवहारिक

---

@ चौथो संशोधनद्वारा संशोधित।

पक्षलाई विचार गरी आयोगबाट उपयुक्त ठहऱ्याएको सीमासम्मको व्यय आयभन्दा बढी देखिए तापनि उक्त उजुरी उपरको कारबाहीलाई तामेलीमा राख्ने गरी आयोगमा पेस गर्न सकिनेछ।

१८. **<u>सार्वजनिक सेवामा निरन्तरता नभएको अवस्थामा गरिने अनुसन्धानः</u>** (१) जीवनको कुनै अवधिमा सार्वजनिक पदमा रही सेवा गर्दाका बखत गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको तर अनुसन्धानको अवधिमा पदमा बहाल नरहेको व्यक्तिको सम्पत्तिको छानबिन गर्दा सार्वजनिक पदमा रहनुअघि वा पछिका आय र व्ययलाई अलग गरी सार्वजनिक पदमा रही सेवा गर्दाका बखत गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको हो होइन यकिन गर्नु पर्नेछ।

@(२) कुनै व्यक्ति पटक पटक सार्वजनिक पदमा बहाल रहेको देखिएमा निज प्रथम पटक सार्वजनिक पद धारण गरेको मितिलाई प्रस्थान बिन्दु मानी अन्तिम पटक सार्वजनिक पद धारण गरेको अवधिलाई अन्तिम जाँच अवधि (चेक पिरियड) मानी सम्पत्तिको आय व्ययको स्रोत विश्लेषण गर्नु पर्नेछ।

तर त्यस्तो सार्वजनिक पद धारण गरेको अवधि पाँच वर्षभन्दा बढी अन्तर (ग्याप) रहेको अवस्थामा अन्यथा नदेखिएको बाहेक सार्वजनिक पदमा रहेको अवधिको मात्र सम्पत्तिको स्रोत विश्लेषण गर्नु पर्नेछ।

१९. **<u>मुल्तबी वा यथावस्थामै राख्न सकिनेः</u>** (१) उजुरीसँग सम्बन्धित कुनै विषयमा अदालतमा मुद्दा परी वा अन्य कुनै कारणले अनुसन्धानको कारबाही अगाडि बढाउन उचित नहुने अवस्था भएमा कारण खोली अदालतमा विचाराधीन मुद्दाको टुङ्गो नलागेसम्म वा त्यस्तो कारण विद्यमान रहेसम्म उजुरी उपरको कारबाहीलाई मुल्तबी वा यथास्थितिमा राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम मुल्तबी वा यथास्थितिमा रहेको उजुरी मुद्दाको किनारा लागेपछि वा यथास्थितिमा राखेको अवस्था विद्यमान नरहेमा बाँकी कारबाही अगाडि बढाउनु पर्नेछ।

२०. **<u>तथ्यहरूको विश्लेषण, प्रतिवेदनको तयारी र प्रस्तुतिः</u>** (१) अनुसन्धानको प्रगति एवं देखिन आएको अवस्थाका बारेमा प्रमुख आयुक्त एवं सम्बन्धित आयुक्तलाई समय समयमा जानकारी गराउनुपर्नेछ। यस क्रममा कुनै निर्देशन प्राप्त भएमा सोबमोजिम गर्नु पर्नेछ।

(२) विस्तृत अनुसन्धानको कार्य सम्पन्न भएपछि तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी आवश्यकता/ निर्देशनअनुसार अनुसन्धानको पूर्णता परीक्षण तथा सिफारिस समितिसमक्ष पेस गरी प्राप्त सुझावबमोजिम अनुसन्धानको थप कार्य गर्नु पर्नेछ।

(३) अनुसन्धान अधिकृतले अनुसन्धान प्रतिवेदन आयोगको बैठक बस्नु अगावै प्रमुख आयुक्त, आयुक्तहरूसमक्ष एक एक प्रति पेस गरी आयोगको बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

(४) अनुसन्धान प्रतिवेदन आयोगको बैठकमा छलफल भई आयोगबाट भएको निर्णयलाई लिपिबद्ध गर्न आयोगबाट भएको निर्णय/निर्देशन/आदेशबमोजिम अनुसन्धान अधिकृतले निर्णय मस्यौदा अनुसूची - ८ को ढाँचामा तयार गरी प्रमुख आयुक्तको सचिवालयमा पेस गर्नुपर्नेछ।

२१. **<u>निर्णय कार्यान्वयनः</u>** (१) उजुरी तामेलीमा राख्ने गरी आयोगबाट निर्णय भएमा अनुसन्धानको क्रममा तारेखमा रहेको व्यक्तिको तारेख टुटाई कुनै चल अचल सम्पत्ति वा बैंक खाता आदि

---

@ चौथो संशोधनद्वारा संशोधित।

रोक्का राखिएको भए सो फुकुवा गरी संकलन भएका सक्कल कागजातहरू सम्बन्धित निकायमा फिर्ता पठाउने र मिसिल कागजातको पञ्जिका बनाई आयोगको सम्बन्धित महाशाखामा बुझाउनु पर्नेछ। गैरकानुनी सम्पत्ति सम्बन्धी प्रारम्भिक छानविनउपर भएको तामेलीको जानकारी सम्बन्धित व्यक्तिलाई दिइने छैन। विस्तृत अनुसन्धानको हकमा तामेलीको जानकारी १५ दिनभित्र अनुसूची - ७ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्तिलाई समेत दिनु पर्नेछ।

(२) अदालतमा अभियोगपत्र दायर गर्ने गरी निर्णय भएको अवस्थामा अनुसन्धानको क्रममा कुनै चल अचल सम्पत्ति बैंक खाता आदि रोक्का राखिएको भए थुनछेकको आदेश कार्यान्वयन पश्चात् रोक्का राख्न आवश्यक नपर्ने चल अचल सम्पत्ति फुकुवा गरिदिनु पर्नेछ।

(३) अदालतमा मुद्दा दायर गर्ने गरी आयोगबाट निर्णय भएमा अनुसूची -९ बमोजिमको ढाँचामा आरोपपत्र तयार गरी पूर्णता परिक्षण समितिसमक्ष पेस गरी समितिबाट आरोपपत्रमा परिमार्जन भएमा सोसमेत समावेश गरी आरोपपत्र अदालतमा दर्ता गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम आरोपपत्र तयार गर्दा अनुसूची -८ मा उल्लेख भए बमोजिमका विषयहरूमा समेत ध्यान दिनुपर्नेछ।

(५) आरोपपत्र दर्ता गर्दा पञ्जिकासहित सक्कल मिसिल, Unicode मा लेखबद्ध आरोपपत्रको CD र आरोपपत्रको आवश्यक प्रतिहरू समेत अदालतमा पेस गर्नु पर्नेछ। आरोपपत्र साथ एक प्रति नक्कल फाइल विशेष सरकारी वकिल कार्यालयमा पठाई एक प्रति अभिलेखको लागि मुद्दा पुनरावेदन तथा बहस पैरवी महाशाखामा पठाउनु पर्नेछ।

२२. <u>**अनुसन्धान सम्पन्न र प्रतिवेदन पेस गर्ने अवधिः**</u> (१) गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको सम्बन्धी विषयमा महाशाखामा प्राप्त भएका उजुरी उपरको प्रारम्भिक छानबिनको कार्य सामान्यतया तीन महिनाभित्र सम्पन्न गर्नु पर्नेछ।

(२) विस्तृत अनुसन्धान गर्नुपर्ने भएमा तोकिएको अवधिभित्र अनुसन्धान सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र अनुसन्धान सम्पन्न हुन नसकेको मनासिव आधार र कारण भएमा आयोगबाट म्याद थप भएबमोजिम हुनेछ।

@(३) गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी उजुरीको अनुसन्धानको क्रममा आय व्ययको गणना गर्दा सामान्यतया प्रथम पटक छानबिन अधिकृत तोकिएको मिति वा विस्तृत अनुसन्धानको लागि अनुसन्धान अधिकृत तोकिएको उजुरीको हकमा प्रथम पटक अनुसन्धान अधिकृत तोकेको अवधिसम्मको आय व्ययलाई गणना तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) उजुरी परेको एक वर्षभित्र अनुसन्धान सम्पन्न गरी प्रतिवेदन पेस गर्न नसकिएको अवस्थामा अनुसन्धान प्रतिवेदन पेस गर्नुभन्दा अघिल्लो आर्थिक वर्षसम्मको आय व्ययको गणना तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्न सकिनेछ।

(५) कुनै पदाधिकारी अवकाश वा अन्य कुनै प्रकारले सार्वजनिक पदबाट हटिसकेको रहेछ भने सार्वजनिक पदमा बहाल रहेको अवधिसम्मको आय व्ययलाई गणना एवं विश्लेषण गर्नुपर्नेछ। तर अनुसन्धान अवधि कायम गर्ने सम्बन्धमा प्रमुख आयुक्तबाट कुनै निर्देशन भएमा सोहीअनुसार अनुसन्धान अवधिको आय व्यय लाई गणना गर्न सकिनेछ।

---

@ चौथो संशोधनद्वारा संशोधित।

(४) अनुसन्धानको क्रममा कुनै सार्वजनिक पदाधिकारीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी आर्जन गरी त्यस्तो सम्पत्ति कुनै प्रकारले लुकाई छिपाई राखेको, त्यस्तो सम्पत्तिबाट बढे बढाएको र सार्वजनिक सेवाबाट अवकाश भए पश्चात् आफ्नो स्वामित्व वा भोगचलनमा ल्याएको देखिन आएमा सेवाबाट अवकाश भएपछिको अवधिलाई समेत अनुसन्धान अवधिमा गणना गर्नुपर्नेछ।

२३. **<u>अनुसन्धानमा अन्य मापदण्डलाई आधार मान्न सकिने:</u>** (१) यस कार्यविधिमा उल्लिखित आय तथा व्ययको गणना/मुल्यांकन गर्दा यसै कार्यविधिमा उल्लेख भएका आधारहरू बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा सार्वजनिक निकायमा प्रचलनमा रहेका स्थापित मुल्याङ्कन विधिलाई आधार लिन सकिनेछ।

(२) मूल्यांकनको सम्बन्धमा कार्यविधि तर्जुमा पश्चात् कुनै नयाँ सिद्धान्त एवं विधिको विकास भएको र त्यस्ता सिद्धान्त एवं विधि यस कार्यविधिमा उल्लिखित व्यवस्थासँग फरक पर्न गएमा त्यस सम्बन्धमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

२४. **<u>अनुभव आदान प्रदान एवं अनुसन्धान अधिकृतको क्षमता अभिवृद्धिः</u>** गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी अनुसन्धानमा संलग्न अनुसन्धान अधिकृतहरू बीच अदालतबाट भएका फैसला एवं नजिरहरू, आयोगको नीति/निर्देशन, कानुनमा भएका समसामयिक परिवर्तन, अनुसन्धानका नवीनतम प्रविधि एवं पद्धति, एक अर्काको अनुभव आदानप्रदानका साथै अनुसन्धानमा सहयोग पुग्ने अन्य विषयहरू समेट्ने गरी आयोगको सम्बन्धित महाशाखा प्रमुखले आवश्यकता अनुसार छलफल तथा अन्तरक्रिया गर्नु गराउनु पर्नेछ।

२५. **<u>सहकार्य र समन्वय :</u>** आयोगले आवश्यक ठानेमा कार्यविधिमा उल्लिखित दररेट मूल्यांकन, कुनै विषयमा मापदण्ड तयार गर्न वा साविकका मापदण्ड/आधार परिमार्जन र सम्पत्ति मूल्यांकन लगायतका कार्यका लागि अन्य सार्वजनिक निकाय वा पदाधिकारीहरूसँग सहकार्य र समन्वय गर्न सक्नेछ।

२६. **<u>कार्यविधिको परिमार्जन/संशोधन:</u>** आयोगले यस कार्यविधिमा समयसापेक्ष परिमार्जन वा संशोधन गर्न सक्नेछ।

२७. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा वा यस कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै थप व्यवस्था गर्न आवश्यक परेमा आयोगले निर्णय गरेबमोजिम हुनेछ।

२८. **<u>खारेजी र बचाउ :</u>** (१) गैरकानुनी सम्पत्ति छानवीन तथा अनुसन्धान कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा २(थ) र दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**सम्पत्ति विवरण फाराम**

### खण्ड-१

### व्यक्तिगत तथा पारिवारिक विवरण

**क.व्यक्तिगत विवरण**

नाम, थर (देवनागरिमा ):- कर्मचारी संकेत नम्बर :-

अंग्रेजीमा :- जन्म मिति :-

सेवा प्रवेश गरेको मिति र कार्यालय:- हालको पद र कार्यालय :-

नागरिकता नं.:- जारी भएको मिति र जिल्ला :- पासपोर्ट नं.:-

स्थायी/पैतृक ठेगाना : प्रदेश:- जिल्ला :- न.पा./गा.पा.:-

वडा नं. :- टोल :- बाटोको नाम :- घर नं. :

हालको ठेगाना : प्रदेश:- जिल्ला :- न.पा./गा.पा. :-

वडा नं. :- टोल :- बाटोको नाम :- घर नं. :-

टेलिफोन नं. निवास :- कार्यालय :- कार्यालयको फ्याक्स :-

मोबाइल नं.:- स्थायी लेखा नम्बर (PAN) :-

कर्मचारी संचयकोष प.प.नं. :- नागरिक लगानी कोष प.प.नं. :-

इमेल ठेगाना:- सामाजिक सञ्जाल (Face book/twitter) I D :-

**ख.पारिवारिक विवरण**

(१) बाबु, आमा, बाजे र बज्यैको विवरण (विवाहिता महिला भए सासू, ससुराको विवरण समेत):-

| क्र.सं. | नाम, थर | वतन | नाता | पेसा | फोन/मोबाइल नं. | ना.प्र.नं.र जारी गर्ने जिल्ला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(२) <u>पति, पत्नी, छोरा/छोरीको (विवाहित छोरा छोरी भएमा बुहारी र ज्वाइँको समेत) विवरण</u> :-

| क्र.सं. | नाम, थर | वतन | नाता | पेसा | फोन/मोबाइल नं. | ना.प्र.नं.र जारी गर्ने जिल्ला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(३) <u>दाजु, भाउजू, भाइ, बुहारी तथा दिदी, बहिनीको विवरण</u> :-

| क्र.सं. | नाम, थर | वतन | नाता | पेसा | फोन नं./मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(४) <u>देवर, जेठाजु, नन्द, आमाजु र विवाहित भए निजहरूको पति/पत्नीको विवरण</u> :-

| क्र.सं. | नाम, थर | वतन | नाता | पेसा | फोन नं./मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(५) <u>सासू ससुराको विवरण</u> :-

| क.सं. | नाम, थर | वतन | नाता | पेसा | फोन नं./मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(६) <u>साला, जेठान/साली/जेठीसासू र विवाहित भए निजहरूको पति/पत्नीको विवरण</u> :-

| क.सं. | नाम, थर | वतन | नाता | पेसा | फोन नं./मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(७) <u>हाल एकासगोलमा रहे बसेका परिवारका सदस्यहरूको विवरण</u> :-

| क.सं. | सगोलमा रहेको परिवारका सदस्यहरूको नाम | नाता | पेसा | कार्यरत भए कार्यालयको नाम र पद | मासिक पारिश्रमिक/ आय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

खण्ड-२

कार्यरत निकाय तथा आयको विवरण

**क. सम्बन्धित व्यक्तिको विवरण :-**

**(१) सार्वजनिक पद धारण र आयसम्बन्धी विवरण :-**

| क्र.सं. | कार्य गरेको कार्यालय /निकाय/संस्था | पद (श्रेणी) | कार्यरत अवधि | | आय शीर्षक | | | कुल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | तलब | भत्ता | अन्य | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

- नियुक्ति/पदस्थापना/बढुवा, दरबन्दी वा काज र कुनै असाधारण/अध्ययन/ तलबी /बेतलबी बिदा बसेको भए सो को अवधिसमेत कैफियतमा खुलाउनुपर्नेछ।
- सार्वजनिक पदाधिकारीले सार्वजनिक पद / निकाय बाहेक अन्यत्र कुनै निकाय/ क्षेत्रमा आर्थिक सुविधा प्राप्त गर्ने गरी कार्य गरेको भए सो को विवरणसमेत यस तालिकामा उल्लेख गर्न सकिनेछ।

**(२) वैदेशिक आय विवरण** (अध्ययन/ भ्रमण/ तालिम/ मिसन/ सभा समारोहमा सहभागिता लगायत कुनै कार्यमा विदेशमा गएको र कुनै आय दाबी गरेको अवस्थामा भर्ने) :-

| क्र.सं. | कार्यालय/निकाय/संस्था/देशको नाम | विदेशमा रहेको अवधि | | प्रयोजन | प्राप्त आय | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | विदेशी मुद्रा | नेपाली रुपैयाँ | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(३) विदेशबाट कुनै विप्रेषण आय (Remittance Income) प्राप्त गरेको भए सो को विवरण :-

| क्र.सं. | पठाउनेको नाम, मुलुक र ठेगाना | पठाउनेको पेसा | पठाउनेको परिचय खुल्ने नं. | प्राप्त गर्नेको नाम थर र नाता | प्राप्त रकम | | प्राप्त गरेको (बैंक वा वित्तीय संस्था) | रकम प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विदेशी मुद्रामा | नेपाली मुद्रामा | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(४) घर/जग्गा बहालमा दिई आय प्राप्त गरेको भए सो को विवरण :-

| क्र.सं. | घर जग्गा धनीको नाम | घर जग्गाको विवरण (क्षेत्रफल/तल्ला) | बहालमा दिएको अवधि | | बहाल रकम | कर तिरेको रकम मिति | खुद आय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(५) कृषि आयको विवरण :-

जग्गा आफैंले कमाएको/ लिजमा ठेक्कामा दिएको/ अधियामा दिएको वा अन्य केही :                जग्गाको मोही भए/नभएको :

| क्र.सं. | जग्गा धनीको नाम | अंशियारको संख्या | जग्गाको विवरण र किसिम | | | | बालीको विवरण | सिंचाइ सुविधा भए/नभएको | वार्षिक उत्पादन के.जी. | उत्पादन/लागत/मुनाफा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गा.पा./न.पा. वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाको किसिम | | | | वार्षिक समग्र लागत | वार्षिक कुल आय | वार्षिक लागत कटाई हुने खुद बचत | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

* मुख्य बाली, सहायक बाली, नगदेबाली, फलफूल र तरकारी आदि के कस्तो बाली लगाएको हो बालीको विवरणमा खुलाउनुपर्नेछ।

* वार्षिक उत्पादनमा प्रत्येक वर्षको विवरण उल्लेख गर्नुपर्नेछ।

(६) पशुपंक्षी/माछा/कीट/पशुपालन आदि आय दाबी गर्नेले पेस गर्नुपर्ने विवरण :-

| क्र.सं. | आय गर्ने व्यक्तिको नाम | माछा/पंक्षी/कीट/पशुपालनको विवरण | पालन गरेको स्थानको पूरा वतन र क्षेत्रफल | अवधि (देखि-सम्म) | पुँजी लगानी | लागत / खर्च | खुद मुनाफा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**(७) अन्य आयको विवरण** (यस खण्डमा माथि उल्लेख गरिए बाहेकका अन्य कुनै आय दाबी भए उल्लेख गर्ने ):-

| क.सं. | विवरण | आय रकम | मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**ख. एकासगोलका परिवारका सदस्यको आय** (स्वदेशमा कुनै रोजगार/पेसा/व्यवसायबाट वैधानिक रूपमा आय प्राप्त भएको भए सो को विवरण उल्लेख गर्ने)**:-**

| क.सं. | आर्जन गर्ने व्यक्तिको नाम | पेसा व्यवसाय/कार्यरत निकाय वा संस्था | स्थायी लेखा नं. (PAN) | आय आर्जन गरेको अवधि | | खुद आय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |

**खण्ड-३**

**आफू र एकासगोलमा रहेका परिवारका सदस्यहरूको पारिवारिक खर्चको विवरण**

**क. पारिवारिक अध्ययन खर्च विवरण :-**

| क.सं. | परिवारको सदस्यको नाम, थर | नाता | उमेर | अध्ययन गरेको संस्थाको विवरण | अध्ययनको तह/विषय | मासिक शुल्क | एकमुष्ट अन्य खर्च, शुल्क आदि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**ख. आफू र एकासगोलका परिवार निजी प्रयोजनका लागि विदेश गएको भए विवरण :-**

| क.सं. | विदेश भ्रमण गर्ने व्यक्तिको नाम | भ्रमण गरेको देशको नाम | बसेको सहर / ठाउँ | विदेश भ्रमण अवधि | | भ्रमणमा लागेको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | विदेशी मुद्रा | नेपाली रुपैयाँ | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## ग. जीवन निर्वाह तथा अन्य पारिवारिक खर्च विवरण

| क्र.सं. | खर्च शीर्षक | खर्च अवधि | मासिक खर्च | वार्षिक खर्च | एकमुष्ट /पटके खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जीवन निर्वाह खर्च | | | | | |
| २ | विवाह/ पास्नी/ चुडाकर्म जस्ता सामाजिक व्यवहार खर्च | | | | | |
| ३ | दान, दातव्य, चन्दा, उपहार दिएको खर्च | | | | | |
| ४ | अन्य खर्चहरू | | | | | |

## खण्ड-४
## आफू र एकासगोलमा रहेका परिवारका सदस्यहरूको अचल सम्पत्तिको विवरण

### क. अंशबण्डासम्बन्धी विवरण :-

अंशबण्डा भएको / नभएको :- अंशबण्डा भएको भए मिति :- बण्डापास गरेको कार्यालय, ठेगाना:-

अंशबण्डा नभई मानो चामल छुट्टिएको भए सो मिति :-

### ख. पैतृक घरको विवरण (सार्वजनिक पदमा प्रवेश गर्नुअघि आर्जित घर समेत उल्लेख गर्ने) :-

| घर धनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | | नक्सा पास गर्नुपर्ने क्षेत्रमा भए | | | घर तला संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षे.फ. | परल मूल्य | नक्सा पास गर्ने कार्यालय र मिति | निर्माण मिति | निर्माण लागत | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**ग. पैतृक जग्गाको विवरण** (माथि पैतृक घरको विवरणमा उल्लिखित घरले चर्चेको जग्गाको विवरण बाहेक):-

| क्र.सं. | जग्गा धनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | परल मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**घ. आर्जित घर जग्गा विवरण :-**

**(१) घरको विवरण :-**

| क्र.सं. | घर धनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घर रहेको जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | घर निर्माण/ खरिद मिति | खरिद/निर्माण मूल्य | तिरेको रजिष्ट्रेशन दस्तुर | घरको तला/व.फि. | नक्सा पास गर्ने कार्यालय | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**(२) स्वआर्जित जग्गाको विवरण** (माथि स्वआर्जित घरको विवरणमा उल्लिखित घरले चर्चेको जग्गाको विवरण बाहेक ):-

| क्र.सं. | जग्गा धनीको नाम | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | खरिद मिति | खरिद मूल्य | तिरेको रजिष्ट्रेशन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**(३) बिक्री वा अन्य तवरबाट स्वामित्व हस्तान्तरण गरेको घर/जग्गाको विवरण :-**

| क्र.सं | जग्गा/घरधनीको नाम | खरिद गर्नेको नाम थर र ठेगाना | जिल्ला | गा.वि.स./गा.पा./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | बिक्री मूल्य | तिरेको पुँजीगत लाभकर | र.नं., कार्यालय र बिक्री मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**(४) दान वा बकसबाट प्राप्त गरेको घर जग्गा** (दान र बकसबाट प्राप्त गरेको भनी दाबी गर्नेले खुलाउनुपर्ने) **विवरण :-**

| क्र.सं. | घर जग्गा धनीको नाम, थर, वतन | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | घर र जग्गाको विवरण | | | | | दान बकस दिनेको प्राप्तिको स्रोत | दिएको सम्पत्तिको मूल्य | रजिष्ट्रेशनको मिति र कार्यालय | निजसँगको नाता | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**(५) हाल कायम रहेको घर र जग्गाको विवरण** (फाराम भरेको मितिमा आफ्नो र एकासगोलको परिवारका सदस्यको नाममा रहेको घर/जग्गाको सम्पूर्ण विवरण खुलाउने) **:-**

| क्र.सं | घर/जग्गा धनीको नाम | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | परल मूल्य | घरको तला | क्षेत्रफल व.फि. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**(६) अन्य व्यक्तिका नाममा रहेको घर/जग्गाको विवरण** (आफ्नो लगानी रहेको तर आफ्नो र आफ्नो एकासगोलका परिवारका सदस्य बाहेक अन्यका नाममा रहेको भए खुलाउने ) **:-**

| क्र.सं. | घर जग्गा धनीको नाम, थर, वतन | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | घर र जग्गाको विवरण | | | | | मूल्य | रजिष्ट्रेशन मिति र कार्यालय | निजसँगको नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जिल्ला | गा.पा./न.पा. | वडा नं | कि.नं. | क्षेत्रफल | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**(७) नेपाल बाहिर रहेको आफ्नो चल अचल सम्पत्तिको विवरण :-**

| क्र.सं. | धनीको नाम, थर वतन | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | सम्पत्तिको विवरण | मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | सम्पत्ति रहेको मुलुक | सम्पत्तिको विवरण | प्राप्ति मिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## खण्ड-५

## आफू र एकासगोलका परिवारका सदस्यहरूको नाममा रहेको चल सम्पत्तिको विवरण

**क. बैंक/ वित्तीय संस्था /सहकारीमा रहेको खाताहरूको विवरण** (खाता भएको बैंक वा वित्तीय संस्था मर्ज भएको भए सो सम्बन्धी विवरण कैफियतमा खुलाउनुपर्नेछ) :-

| क्र.सं. | खातावालाको नाम | खाता रहेको बैंक/ वित्तीय संस्थाको नाम र ठेगाना | खाता नं. | मौज्दात रकम | खातामा भएको रकमको स्रोत | बैंक खाताबाट प्राप्त ब्याज आय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**ख. लकरको विवरण :-**

| क्र.सं. | लकरवालाको नाम | लकर रहेको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | लकर नं. | लकरमा भएका सामानको विवरण र परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**ग. बैङ्क वा वित्तीय संस्थामा रहेको खाता वा लकर बन्द गरेको विवरण :-**

| क्र.सं. | खाता/लकरवालाको नाम | बैंक वा वित्तीय संस्थाको नाम ठेगाना | खाता/लकर नं. | खाता/लकर खोलेको मिति | खाता/लकर बन्द गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**घ. नगद** (आफू र आफ्नो परिवारको साथमा रहेको नगद रकम खुलाउने) **:-**

## ङ. ऋण वा सापटी दिएको र फिर्ता पाएको विवरण :-

| क.सं. | ऋण /सापटी दिने व्यक्तिको नाम | ऋण /सापटी लिने व्यक्तिको नाम ठेगाना | सापटी दिएको मिति | सापटी दिएको रकम | प्रयोजन | सापटी फिर्ता लिएको मिति | सापटी फिर्ता लिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## च. ऋण वा सापटी लिएको र तिरेको विवरण :-

| क.सं. | ऋण लिने व्यक्तिको नाम, ठेगाना | ऋण दिने व्यक्ति/संस्थाको नाम, ठेगाना | ऋण लिएको मिति | ऋण लिएको रकम | ऋण लिंदा तिरेको सेवा शुल्क, दस्तुर, कमिसन | लिएको प्रयोजन | ऋण तिरेको मिति | तिरेको साँवा र ब्याज बापतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

## छ. सुन चाँदी/जवाहरातको विवरण :-

| क.सं. | विवरण | परिमाण | प्राप्तिको स्रोत | प्राप्त मिति | मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

* उपरोक्त सुन, चाँदी, जवाहरातमध्ये लकरमा राखिएकाको हकमा कैफियतमा खुलाउने।

## ज. शेयर वा ऋण पत्र खरिद बिक्रीको विवरण :-

| क.सं. | धनीको नाम, थर | डिम्याट खाता नं. | कम्पनीको नाम, ठेगाना | शेयरको किसिम (Founder, IPO, FPO, RIGHT, Secondary etc.) | डिबेन्चर | खरिद | | कारोवार | | बिक्री | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | रकम | ब्रोकर नं. | कारोबार मिति | संख्या | रकम | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## झ. उद्योग/व्यवसाय/साझेदारी फर्म/प्राइभेट कम्पनी भए सो को विवरण :-

| क्र.सं. | दर्तावालाको नाम, थर | कम्पनी/उद्योग/फर्म (एकलौटी वा साझेदारी समेत सबैको) को नाम ठेगाना | दर्ता भएको निकाय र स्थान दर्ता मिति | सञ्चालनमा आएको मिति | संचालन लगानी र दर्ता गर्दा खर्च भएको कुल रकम | थप लगानी गरेको रकम | खर्च कट्टा गरेपछिको प्राप्त खुद वार्षिक आय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

* दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन र कर तिरेको प्रमाण संलग्न गर्नुपर्नेछ र लगानी एवं आय देखाउँदा प्रत्येक आर्थिक वर्षको छुट्टाछुट्टै देखिने गरी उल्लेख गर्नुपर्नेछ।

## ञ. राष्ट्रिय/नागरिक बचतपत्र खरिद बिक्रीको विवरण :-

| क्र.सं. | बचतपत्र खरिदकर्ताको नाम | बचतपत्रको नाम र प्रकार | निष्कासित मिति | निष्कासन गर्ने निकाय | खरिद गरेको मिति | खरिद | | अवधि भुक्तान भएको / बिक्री भएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | रकम | संख्या | प्राप्त रकम | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## ट. सवारी साधनको खरिद/ बिक्रीको विवरण :-

| क्र.सं. | सवारी धनीको नाम | सवारीको किसिम र नम्बर | खरिद/ बिक्री गरेको निकाय/संस्था/व्यक्ति | खरिद | | | वार्षिक दर्ता /नवीकरण शुल्क/ बिमा आदि खर्च | बिक्री | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | मूल्य | रकमको स्रोत | | मिति | मूल्य | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## ठ. विद्युतीय उपकरणहरूको विवरण :-

| क्र.सं. | विवरण | संख्या | प्राप्तिको तरिका | प्राप्ति मिति | परल मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**ड. अन्य कुनै सम्पत्ति भए सो को विवरण :-**

| क्र.सं. | सम्पत्तिको विवरण | सम्पत्ति आर्जन मिति | सम्पत्तिको लागत/मूल्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**ढ. आय व्ययको समग्र विवरण** (फाराम भरेको अवधिमा भए गरेको सम्पूर्ण आय व्ययको विवरण शीर्षकगत रूपमा यस तालिकामा उल्लेख गर्नुपर्नेछ )

| क्र. सं. | आय शीर्षक | कुल रकम | क्र. सं. | व्यय शीर्षक | व्यय रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कुल जम्मा | | | कुल जम्मा | | |

माथि लेखिएका विवरणहरू/व्यहोराहरू ठीक साँचो छन्। यस फाराममा उल्लेख गरेको बाहेक मैले कुनै सम्पत्ति लुकाएको छैन, लुकाएको प्रमाणित हुन आएमा प्रचलित कानूनबमोजिम सजाय भोग्न तयार छु भनी दस्तखत गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गरेको छु।

विवरण भर्ने व्यक्तिको दस्तखत :-

नाम :-

मिति :-

इति संवत् २० साल................................महिना..................................गते रोज..........................................शुभम्।

**नोट :(१) आयोगबाट उपलब्ध गराइएको फारामको कुनै खण्डमा उल्लेख गर्ने स्थान अभाव भएमा फारामको खण्ड उल्लेख गरी छुट्टै पृष्ठ थप गर्न सकिनेछ।**

**(२) माथि विभिन्न तालिकाहरूमा विभिन्न विवरणहरू भरिएकोमा त्यस्ता विवरणहरू पुष्टि हुने यथासम्भव सम्पूर्ण सम्बन्धित कागजातको प्रतिलिपिहरू संलग्न गर्नुपर्नेछ**

## अनुसूची-२
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## उजुरीहरूको वर्गीकरण

| सि.नं. | समूह | कार्यहरू | वर्गीकरणका आधार | कैफियत |
|---|---|---|---|---|
| १ | क | थप अनुसन्धान गर्न उपयुक्त हुने | ▪ प्रारम्भिक रूपमा हेर्दा उजुरीमा उल्लेख भएका विषयहरू मनासिव देखिएको<br>▪ जसको विरुद्धमा उजुरी परेको छ त्यस्तो व्यक्ति सार्वजनिक निकायको निर्णायक तह/पद/जिम्मेवारीमा रहेको<br>▪ जीवनशैली, सामाजिक/आर्थिक हैसियत उच्च देखिएको<br>▪ भ्रष्टाचारको उच्च जोखिम क्षेत्रमा कार्यरत रहेको पदीय दुरुपयोग गरी आर्थिक अनियमितता गरेको सम्बन्धमा अन्य निकायहरूबाट अनुसन्धान भई आवश्यक कारबाहीका लागि सिफारिस भई आएका उजुरीहरू<br>▪ सार्वजनिक संचार माध्यममा बारम्बार आएका सूचना/जानकारी | |
